# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९

## भेरी नगरपालिका

## जाजरकोट




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको नगर प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका नगर प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal


**प्रदेश लेखापरीक्षण महानिर्देशनालय**
(कर्णाली प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ९३

मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
भेरी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
जाजरकोट ।

**कैफियत सहितको राय**

हामीले भेरी नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. २ करोड ३८ लाख ९२ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट मिति २०७८।०७।२५ मा रु ११ लाख ८१ हजारको प्रतिक्रिया उपलब्ध भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १२ लाख ४८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १६ लाख १३ हजार र पेश्की रू. १ करोड ९८ लाख ४९ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ४ करोड ५९ लाख ६१ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ६ करोड ८६ लाख ७२ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/नगर कार्यपालिका, नगरनगर प्रमुख/नगर प्रमुख र नगर प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शंकर प्रसाद पन्थी)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

भेरी नगरपालिका, जाजरकोट

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ६७ | ३० | २३८९३ | ० | १५ | ११८१ | ६७ | १५ | २२७११ | १२४८ | ० | १६१४ | ० | ० | १६१४ | १९८४९ |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| भेरी नगरपालिकाजाजरकोट | ४५९६१ | ० | ० | ४५९६१ | ० | २२७११ | ६८६७२ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : भेरी नगरपालिका, जाजरकोट , भेरी नगरपालिका , जाजरकोट

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | दल बहादुर घर्ती | २०७७-९-९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | राजेन्द्र बहादुर कठायत | २०७६-९-८ | |
| | | **बेरुजु रकम** | २२,७११,४१८ |



https://nams.oag.gov.np

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ६,१८,००,१५८.५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५४,११,१२,००० | **चालु खर्च** | ४२,३९,३५,७७३ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,८४,७१,२०१ | **पूँजीगत खर्च** | १७,८२,८६,९१३ |
| **राजश्व बाँडफाँट** | ८,७८,०१,६१३.५ | **वित्तीय/अन्य व्यवस्था** | २२,५१,५६,५०६ |
| **आन्तरिक आय** | १,४३,४४,२६६.०८ | | |
| **अन्य आय** | ११,३६,३०,६२५ | | |
| **कुल आय** | ७९,५३,५९,७०५.५८ | **कुल खर्च** | ८२,७३,७९,१९२ |
| **बाँकी मौज्दात** | | २,९७,८०,६७२.१६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **स्थानीय सञ्चित कोष,परिचय,राय,लेप क्रममा असुली र वित्तिय विवरणः** **क) स्थानीय संचित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७७।78 को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ। | |

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | **विवरण** | **रकम** | **रकम** | | **विवरण** | **रकम** | **रकम** |
| **1** | **गतवर्षको जिम्मेवारी** | | **61800158.50** | **1** | **चालुखर्च** | | **423935773.00** |
| | क)नगद | | 0.00 | **2** | **पूँजीगतखर्च** | | **178286913.00** |
| | ख)बैंक | | 61800158.50 | **3** | **वित्तीयव्यवस्था भुक्तानी** | | 0.00 |
| **2** | **राजस्वआम्दानी** | | **102145879.66** | | क)ऋण भुक्तानी | | 0.00 |
| | क)आन्तरिक राजस्व | | 14344266.08 | | ख)ब्याज भुक्तानी | | 0.00 |
| | ख) संघीय राजस्व बाँडफाँड | | 84509393.36 | | ग)अन्य भुक्तानी | | 0.00 |
| | ग)प्रदेश राजस्व बाँडफाँड | | 1006417.22 | **4** | **लगानी** | | 0.00 |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | घ)स्थानिय राजस्व बाँडफाँड | | 2285803.00 | | | | | | |
| | | | | **3** | **संघीयसरकारबाट प्राप्त अनुदान** | | **541112000.00** | | ऋणलगानी | | 0.00 | | |
| | | | | | क)वित्तीय समानीकरण अनुदान | | 116000000.00 | | शेयरलगानी | | 0.00 | | |
| | | | | | ख)सशर्त अनुदान | | 416062000.00 | | अन्यलगानी | | 0.00 | | |
| | | | | | ग)समपूरक अनुदान | | 4050000.00 | **5** | **निकासाफिर्ता** | | 116694862.00 | | |
| | | | | | घ)विशेष अनुदान | | 5000000.00 | | क) आ.व.२०७६।७७को निकासा फिर्ता | | 27759674.00 | | |
| | | | | **4** | **प्रदेशसरकारबाट प्राप्त अनुदान** | | **38471201.00** | | ख) आ.व २०७७।७८को निकासा फिर्ता | | 88935188.00 | | |
| | | | | | क)वित्तीयसमानीकरण अनुदान | | 10196000.00 | **6** | **धरौटीफिर्ता** | | 149000.00 | | |
| | | | | | ख)सशर्त अनुदान | | 14732500.00 | **7** | **कार्यसञ्चालनकोष तर्फ खर्च** | | 0.00 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ग)समपूरक अनुदान | | 8471701.00 | | **क)विविध खर्च खाता** | | 0.00 | | |
| | | | | | घ)विशेष अनुदान | | 5071000.00 | | **ख)प्रकोप व्यवस्थापन कोष** | | 0.00 | | |
| | | | | **5** | **वित्तीयव्यवस्था प्राप्ति** | | **0.00** | 8 | **कार्यसञ्चालनकोष तर्फ बैंक मौज्दात** | | 0.00 | | |
| | | | | | क)ऋण प्राप्ति | | 0.00 | | क)विविध खर्च खाता | | 0.00 | | |
| | | | | | ख)साँवा प्राप्ति | | 0.00 | | ख)प्रकोप व्यवस्थापन कोष | | 0.00 | | |
| | | | | | ग)ब्याज प्राप्ति | | 0.00 | **9** | अन्तरसरकारी वित्तिय हस्तान्तरण तर्फ व्यय | | 108312644.00 | | |
| | | | | | घ)अन्य प्राप्ति | | 0.00 | | क)सामाजिक सुरक्षा कार्यक्रम ३१४०१०१२३ | | 80635664.00 | | |
| | | | | **6** | **कार्यसञ्चालन कोषतर्फको आय** | | **0.00** | | ख)स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | | 13350758.00 | | |
| | | | | | क)विविध खर्च खाता | | 0.00 | | ग)सामाजिकविकास मन्त्रालय ३५०००० ११३ | | 1200000.00 | | |
| | | | | | ख)प्रकोप व्यवस्थापन कोष | | 0.00 | | घ)आन्तरिक मामिला तथा | | 0.00 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | कानून मन्त्रालय ३१४०००११३ | | | | |
| | | | | 7 | **जनसहभागिता (नगद)** | | 0.00 | | ङ)मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रम ३०१००१०२४ | | 2157716.00 | | |
| | | | | 8 | **अन्तरसरकारी वित्तिय हस्तान्तरण तर्फ आय** | | **108312644.00** | | च)उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय ३०७०००११४ | | 4044638.00 | | |
| | | | | | क)सामाजिक सुरक्षा कार्यक्रम ३१४०१०१२३ | | **80635664.00** | | स्थानीयतह प्रशासकीय भवन पूर्वाधार बिकास कार्यक्रम ३६५०११११४ | | 6923868.00 | | |
| | | | | | ख)स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | | **13350758.00** | | ज)आन्तरिक मामिला तथा कानुन मन्त्रालय ३१४०००११३ | | 0.00 | | |
| | | | | | ग)सामाजिकविकास मन्त्रालय ३५००००११३ | | 1200000.00 | 10 | **धरौटीखातामा मौज्दात** | | 4729041.00 | | |
| | | | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | घ)आन्तरिक मामिला तथा कानून मन्त्रालय ३१४०००११३ | | 0.00 | 11 | **मौज्दात** | | 25051631.16 | | |
| | | | | | ङ)मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रम ३०१००१०२४ | | **2157716.00** | | क)नगद मौज्दात | | 0.00 | | |
| | | | | | च)उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय ३०७०००११४ | | **4044638.00** | | ख)बैंक मौज्दात | | 25051631.16 | | |
| | | | | | छ)स्थानीयतह प्रशासकीय भवन पूर्वाधार बिकास कार्यक्रम ३६५०११११४ | | **6923868.00** | | | | | | |
| | | | | | ज)आन्तरिक मामिला तथा कानुन मन्त्रालय ३१४०००११३ | | 0.00 | | | | | | |
| | | | | **9** | **धरौंटीआय** | | 4878041.00 | | | | | | |
| | | | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **10** | **लगानीकोसाँवा फिर्ता** | | **0.00** | | | | | |
| | | | **11** | **अन्यविविध आय** | | 439940.00 | | | | | |
| | | | | **जम्मा** | | **857159864.16** | | **जम्मा** | | **857159864.16** | |

स्थानिय तह प्रकोप व्यवस्थापन कोष

| **बजेट शिर्षक** | **स्वीकृत वार्षिक बजेट** | **निकासा** | **खर्च** | **बाँकी** | **कैफियत** |
|---|---|---|---|---|---|
| स्थानिय तह प्रकोप व्यवस्थापन कोष | १५२२२२०० | १२३६६९२६ | १२३६६९२६ | २८५५२७४ | |

**ख) परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगर पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १३ वडा, ६८ सभा सदस्य, २१९.७७ वर्ग किलोमिटर क्षेत्रफल तथा ३३ हजार ५१५ जनसंख्या रहेको छ ।

**ग) लेखापरीक्षण :** लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेशण, लेखापरीक्षण मानदण्ड, लेखापरीक्षण मार्गदशर्न, व्यवसायीक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरिएको स्वीकृत वार्षिक लेखापरीक्षण योजना, ईकाइगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र पेश भएका विवरणको आधारमा लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु सम्बन्धमा सम्बद्ध पदाधिकारीसँग मिती २०७८।06।20 मा छलफल सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोराहरु निम्न अनुसार छन् :<br><br>**घ) असुली :** लेखापरीक्षणको क्रममा रु.32,400।- असुल भई नेपाल बैँक लिमिटेड जाजरकोट मितिमा 2078।6।१ मा रु.12,150।- राजश्व शीर्षक नम्बर 11131, 2078।६।२० मा रु.2,400।- राजश्व शीर्षक नम्बर 11131 र 2078।६।२० मा रु.17,850।- स्थानीय राजश्व खातामा दाखिला भएको छ ।<br><br>**ङ) वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS BASED ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २ | | | **वैक मौज्दात:**<br>पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाको चालु र पुँजीगत खर्च खातामा असार मसान्तको मौज्दात रु.4,28,13,762।89 रहेकोमा खाता बन्द गर्दा चालु र पुँजीगत खर्च खातामा रु.1,09,55,671।89 र सञ्चित कोषमा रु.1,40,95,959।27 गरी जम्मा रु.2,50,51,631।16 मौज्दात रहेको पाईयो । | |
| ३ | | | **आन्तरिक नियन्त्रण प्रणाली:**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल निम्न वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची 14 वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात पनि चालु खर्च खतामा रु.1,67,191।89 र पुँजीगत खर्च खातामा रु.1,07,88,480।- समेत गरी रु.1,09,55,671।89 मौज्दात राखेको पाईयो,<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिइएको पाईएन, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कार्यालयले उद्धेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाईएन,<br>• सार्वजनिक खरिद नियमावलि, 2064 को नियम 7 र 8 वमोजिम खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टेन्जेन्सी खाता राखेको पाईएन।साथै ठेक्का फाईलहरुको लगत तथा अभिलेख सिलसिलेवार रुपमा राखेको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाईएन,<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको 114 जनाको दरबन्दी रहेकोमा 26 दरबन्दी रिक्त रहेको पाईयो, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,<br>• भुक्तानीको लागि बिल भरपाई र आवश्यक कागजात संलग्न गरी प्राविधिक तथा अन्य शाखाबात भुक्तानी कारोबारको सिफरिस पत्र(मलेप फारम नं २०२) सिफारिस भई आर्थिक प्रशासन शाखामा प्राप्त भए पछि भुक्तानी गर्नुपर्नेमा सो भएको पाईएन,<br>• प्रदेश सरकार अन्तरसरकारी अख्तियारी तर्फ प्रदेश लेखा ईकाइ कार्यालयले आन्तरिक लेखापरीक्षण गरे गराएको पाईएन,<br>• कार्यालयले विद्युतिय हाजिरीको व्यवस्था गरी कर्मचारीको उपस्थिति अभिलेखलाई थप प्रभावकारी बनाउनु पर्दछ ।<br>• अन्तरसरकारी संघ तर्फ भुक्तानीका विल भरपाईहरु भुक्तानीका लागि अन्य शाखाबाट सिफारिस भई आउनु पर्नेमा नभएको तथा सामाजिक सुरक्षातर्फ ऐन नियम अनुसारका अनुसुचीहरु अद्यावधिक नगरेको र प्राविधिक तथा अन्य शाखाहरुबाट भुक्तानी कारोवारको शिफारिस पत्र (म.ले.प.फा.नं. 202) संलग्न नगरेको भनि आन्तरिक लेखापरीक्षणबाट औँल्याएकोमा सुधार भएको छैन,<br>• निजामती सेवा ऐन, 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन,<br>• निजामती सेवा ऐन, 2049 को दफा 7 ख 2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु.2,81,74,426।- तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन,<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछर्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गरेको छैन ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **बजेट पेश, पारित र अख्तियारी :**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकामा उप प्रमुख श्री भावना भण्डारीले मिति २०७६।३।१० गते रु.68 करोड ५ लाख 58 हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।११ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।4।07 मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५ | | | **अबण्डा बजेट :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.३ करोड अबण्डा राखेको छ ।उक्त अबण्डा रकम कार्यपालिकाको मिति 2077।6।13 लगायत विभिन्न मितिको निर्णयबाट पुँजीगततर्फ रु.2,95,00,114।- बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **बजेट सीमा निर्धारण समिति :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानु पर्दछ । | |
| ७ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादात्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **गत बर्षको दायित्व -**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ...(..) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ ।कार्यलयबाट यसवर्ष चालुतर्फ 15 वटा कार्यक्रम खर्च शिर्षकमा रु.1,87,64,475।– र पुँजीगततर्फ 8 वटा योजनामा रु.29,92,101।– भुक्तानी दिएको छ । कार्यपालिकाको 2077।05।30 को निर्णयानुसार भुक्तानी दिई 2078।03।11 को बजेट सभाले निर्णय नम्बर 4 मार्फत एकमुष्टमा कार्यपालिकाले गरेका निर्णय अनुमोदन गरेको पाईयो । यसरी गतवर्षको खर्च रकम भुक्तानी हुनुको कारणमा बजेट अनुसार निकासा नहुनु र कोभिडको कारणले थप खर्चको दायित्व सिर्जना भएको तथा रु.76,84,500।– पदाधिकारीको छुट्टु सुविधा दिनुपरेको उल्लेख गरी गतवर्षको भुक्तानी दिनु परेको व्यहोरा कार्यालयले जनाएतापनि अघिल्लो वर्षको भुक्तानी नगरी नहुने अवस्था भएमा भुक्तानी दिन वाँकीको कच्चावारी राखि भुक्तानी दिने र सम्पुर्ण रकम तथा व्यहोरा खुलाई अनुमोदन गर्ने व्यवस्था मिलाउनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९</td><td></td><td></td><td>

**चौमासिक पूँजीगत खर्चः**

कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०75 को नियम 26 बमोजिम स्वीकृत भएको कार्यक्रममा चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।

<table>
<tr><th rowspan="2">क्र.स.स</th><th rowspan="2">बजेट उपशिर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="5">चौमासिक खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th><th>आषाढ महिना</th><th></th></tr>
<tr><td>1</td><td>पूँजिगत खर्चतर्फ</td><td>178286913</td><td>21731906</td><td>17337058</td><td>139217949</td><td>94408304</td><td></td></tr>
</table>

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.17,82,86,913।- निकासा भएकोमा प्रथम चौमासिकमा रु.2,17,31,906।- अर्थात 12.19 प्रतिशत, दोश्रो चौमासिकमा रु.1,73,37,058।- अर्थात 9.73 प्रतिशत र तेश्रो चौमासिकमा रु.13,92,17,949।- अर्थात 78.09 प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.9,44,08,304।- अर्थात 52.95 प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । वर्षान्तमा कार्य गराउदा गुणस्तरमा असर पर्ने देखिएकोले स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०</td><td></td><td></td><td>
क्षेत्रगत बजेट र खर्चको स्थितिः<br>
स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th rowspan="2">क्र.स</th><th rowspan="2">क्षेत्र</th><th rowspan="2">बजेट</th><th rowspan="2">खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><th>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिकविकास</td><td>38563000</td><td>35017000</td><td>90.8</td></tr>
<tr><td>२</td><td>सामाजिकक्षेत्र</td><td>321391000</td><td>297827000</td><td>92.66</td></tr>
<tr><td>३</td><td>पूर्वाधारविकासक्षेत्र</td><td>193238000</td><td>104493000</td><td>54.07</td></tr>
<tr><td>4</td><td>वातावरण तथा विपद</td><td>0</td><td>0</td><td></td></tr>
<tr><td>5</td><td>वित्तीयव्यवस्थापनरसुशासन</td><td>36522000</td><td>31999000</td><td>87.61</td></tr>
<tr><td>6</td><td>कार्यसञ्चालन तथा प्रशासनिक खर्च</td><td>148368784.5</td><td>132886686</td><td>89.53</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>738082784.5</td><td>602222686</td><td>81.59</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा 92.66 प्रतिशत कार्यसञ्चालन तथा प्रशासनिक खर्चमा 89.53 प्रतिशत र पूर्वाधार विकासमा सबै भन्दा घटीमा 54.07 प्रतिशत रहेको छ ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११</td><td></td><td></td><td>खर्च बिश्लेषण :<br>पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु.1,66,30,069।08, राजस्व बाँडफाँड र अनुदानबाट रु.66,50,99,011।58 समेत रु.68,17,29,080।66 आम्दानी भएकोमा चालु तर्फ रु 42,39,35,773।- र पूँजिगत तर्फ रु.17,82,86,913।- गरी रु.60,22,22,686।- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा 2.76 प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.1,08,92,400।- खर्च भएको छ जुन आन्तरिक आयको 65.49 प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट 63.74 प्रतिशत चालु र 28.80 प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>लक्ष्य प्रगति :<br>कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतला◌ाइ जिम्मेवार बनाउनु पर्दछ ।
<table>
<tr><th rowspan="2">कार्यक्रम/ योजना</th><th rowspan="2">कुल कार्यक्रम</th><th colspan="4">वार्षिक प्रगति स्थिती</th><th></th></tr>
<tr><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th><th>७५% भन्दा माथि प्रगति</th></tr>
<tr><td>कार्यक्रम संख्या</td><td>166</td><td>0</td><td>2</td><td>5</td><td>18</td><td>141</td></tr>
</table></td><td></td></tr>
</table>


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **जिन्सी व्यवस्थापन:**<br>कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७5 को नियम ५० मा जिन्सी निरिक्षण सम्बन्धि व्यवस्था छ । प्रतिवेदन प्राप्त भए पछि लिलाम गर्नुपर्ने भए ६ महिना भित्र र मर्मत गर्नुपर्ने भए तीन महिना भित्र गरिसक्नुपर्ने व्यवस्था छ ।कार्यालयले जिन्सी निरीक्षण गरि पेश गरेको प्रतिवेदन बमोजिम डेस्कटप कम्प्युटर ५, प्रिन्टर ४, ल्यापटप ५, स्टिल दराज २, फोटोकपी प्रिन्टर २ लगायतका सामान लिलाम गर्नुपर्ने र प्रिन्टर १, ल्यापटप ४, स्टिल दराज १०, टी.भी. १ लगायतका सामान मर्मत गर्नुपर्ने ब्यहोरा उल्लेख भएकोमा नियमावलीमा व्यवस्था भए बमोजिम समयमै लिलाम तथा मर्मत गर्नु पर्दछ । | |
| १४ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** –<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित 114 दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म करार समेत 88 जना पदपूर्ती भएको देखिन्छ ।साथै स्वास्थ्य चौकि तर्फ कार्यरत अनमि, अहेव र कार्यालय सहयोगी समेत 20 जना करारमा राखि कार्यसंचालन गरेको छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित 9 पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्दछ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **कर्मचारी करार –**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले सेवा करारमा लिनुपर्ने पद सवारी चालक, कार्यालय सहयोगी, हेल्पर, फोहोर व्यवस्थापक जस्ता पदहरु बाहेक कानून अधिकृत, ईन्जिनियर, सव ईन्जिनियर जस्ता विभिन्न पदमा 14 जना करारमा राखि कार्यसंचालन गरेको छ । उक्त १४ जनामध्ये विगतदेखि 12 जना र 2077।78 मा उद्यम विकास सहजकर्ता 2 जना करारमा राखिएको छ । सेवा करारबाट लिनुपर्ने जे.सि.वि. चालक 1 लाई 2077।78 मा करारमा राखिएको पाईयो । विगतदेखि ड्राईभर, हेल्पर करारमा राखिएको छ । यसैगरी स्वास्थ्य चौकी तर्फ 11 जना अहेव, अनमि, ल्याव असिस्टेन्ट र 9 जना कार्यालय सहयोगी करारमा राखि विभिन्न स्वास्थ्य चौकीमा कार्यरत रहेका छन । उक्त अहेव, अनमि मध्ये 2 जना यसवर्ष करारमा लिएको अन्य कर्मचारी विगतदेखि नै करारमा राखि कार्यसंचालन गरेको पाईदा दरवन्दी, पूर्ति, करार, सेवा करार सम्बन्धमा विश्लेषण गरी कार्यबोझको आधारमा नियमसंगत मात्र कर्मचारी भर्ना गर्नु पर्दछ । | |
| १६ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **वडा सचिवको पदपूर्ति :**<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।<br><table><tr><th>वडा संख्या</th><th>वड सचिवको दरबन्दी</th><th>वडा सचिवको पदपूर्ति</th><th>रिक्त वडा सचिव</th></tr><tr><td>१३</td><td>१३</td><td>11</td><td>2</td></tr></table> | |
| १८ | | | **सेवाप्रवाहको स्थिति :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १8 वटा ऐन, ३ वटा नियमावली, २6 बटा कार्यबिधि र निर्देशिका, नीति, मापदण्ड र अन्य गरी 16 स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नानुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ ।<br><table><tr><th>विवरण</th><th>जम्मा</th></tr><tr><td>घरनक्सा पास</td><td>37</td></tr><tr><td>**पञ्जिकरणतर्फ**</td><td></td></tr><tr><td>जन्मदर्ता</td><td>795</td></tr><tr><td>मृत्युदर्ता</td><td>44</td></tr><tr><td></td><td>8/72</td></tr></table> | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | बसाईसराईआएको/गएको | | | |
| | | | विवाह दर्ता | 81 | | |
| | | | सम्बन्धविच्छेद दर्ता | 2 | | |
| | | | पूर्वाधार विकाश सडक निर्माण | | | |
| | | | कालोपत्रे सडक निर्माण/मर्मत, ग्राभेल सडक निर्माण/ मर्मत | 0 | | |
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१९</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयन :<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ।सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७7÷७8 को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।<br><table><tr><th>१ लाख सम्म</th><th>१ लाख देखि 5 लाखसम्म</th><th>५लाख देखि १० लाखसम्मका</th><th>१० लाखदेखि 15 लाखसम्म</th><th>१5 लाखदेखि 20लाखसम्म</th><th>20 लाखभन्दा माथि</th><th>जम्मा</th></tr><tr><td>3</td><td>51</td><td>60</td><td>12</td><td>9</td><td>31</td><td>166</td></tr></table><br>उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.२० करोड ७८ लाख २ हजारका योजनाहरु सम्पन्न गरेको छ ।यस्ता योजना मध्ये १ लाख भन्दा साना ३ वटा, १ लाख देखि ५ लाख सम्म ५१ वटा, ५ लाख देखि १० लाख सम्म ६० वटा, १० लाख देखि १५ लाखसम्म १२ वटा, १५ लाखदेखि २० लाखसम्म ९ वटा र २० लाख भन्दा ३१ वटा योजना सञ्चालन गरेको देखिन्छ ।निर्माण कार्य सम्झौता संख्या धेरै हुदा कार्यालयको जनशक्ती वर्षैभरी निर्माण कार्य व्यवस्थापनमा लाग्नु पर्ने साथै स साना योजना सञ्चालन गर्दा खर्च वृद्धि हुने र तात्विक लाभ नहुने देखिन्छ । त्यसैले स साना छरिएका योजना भन्दा ठूला बजेटका महत्वपूर्ण योजना छनौट स्वीकृति र संचालन गर्न कार्यालयको ध्यान जानु पर्ने देखिएको छ । त्यस्तै निर्माण सम्झौताको आधारमा विश्ललेषण गर्ने हो भने प्राविधिक कर्मचारीले प्रत्येक निर्माण कार्यमा पूरा समय दिएर कार्य गर्न सक्ने नदेखिदा कार्यको गुणस्तरमा समेत प्रभाव पार्ने देखिएको छ । निर्माण कार्य सम्झौता आर्थिक वर्षको अन्तसम्ममा पनि</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भईरहने गर्नाले निर्माण कार्य व्यवस्थापनका कार्य प्रथम चौमासिकमा नभई आषाढसम्म पनि भईरहेको देखिन्छ । यस सम्बन्धमा कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । | |
| २० | | | **रकमान्तर :**<br>कार्यालयबाट यसवर्ष 16 वटा कार्यक्रममा विनियोजित बजेटबाट रु.61,50,000।-, 17 वटा कार्यक्रम संचालन गर्न रु.56,50,000।- विनियोजन गरी कार्यक्रम संचालन गरेकोमा स्वास्थ्य चौकि जगतीपुरको पहिरो नियन्त्रण योजना सम्पन्न गरेको छैन । यसवर्ष रु.4,00,000।- विनियोजन गरेकोमा सम्झौता सम्म भएको जानकारी प्राप्त भयो ।योजना तयार गर्दा नै माग र सम्भाव्यताको आधारमा तय गरी रकमान्तर व्यवस्थालाई निरुत्साहित गर्नु पर्दछ । | |
| २१ | | | **कानून र सञ्चालन स्थिति** –<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १8 वटा ऐन, ३ वटा नियमावली, २6 वटा कार्यविधि, 7 वटा निर्देशिका, अन्य नीति मापदण्ड 9 वटा लगायत 63 वटा कानून तथा नीति निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्यिनमा ल्याएको छ । | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **न्यायीक समिति –**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी 8 र यो बर्ष थप भएको 2 गरी कुल 10 विवाद दर्ता भएकोमा 7 फछ्यौट भइ 3 वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ । | |
| २३ | | | **• (पदाधिकारी सुविधा) स्वकीय सचिव र सल्लाहकार :**<br>कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर नगर प्रमुखको स्वकीय सचिवका रुपमा ना. सु. स्तर तलब भत्ता भुक्तानी हुने गरी श्री राजेन्द्र विवस पुनलाई नियुक्त गरी मासिक रु.२८,२००।- का दरले स्थानीय भत्ता, महंगि भत्ता, चाडपर्व खर्च र योजना भत्ता सहित रु.4,63,600।- भुक्तानी भएकोमा भुक्तानी खर्च लेख्न मिल्ने आधार पेश हुनुपर्ने रु. | ४६३,६०० |
| २४ | | | **स्थानीय तहका पदाधिकारी सुविधा :**<br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.1,08,60,900।- सुविधा वापत भुक्तानी भएको छ । | १५८,००० |

| सि. नं | विवरण | प्रमुख | उपप्रमुख | वडाअध्यक्ष .. १३ जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य ४५ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | पत्रपत्रिका दररेट | 36000 | 36000 | 468000 | 144000 | 540000 | 1224000 | |
| | | | २ | टेलिफन संचार | 36000 | 36000 | 468000 | 144000 | 540000 | 1224000 | |
| | | | ३ | अतिथी सत्कार | 60000 | 60000 | 780000 | 144000 | 540000 | 1584000 | |
| | | | 4 | अनुगमन | 216000 | 168000 | 1248000 | 480000 | 1350000 | 3462000 | |
| | | | 5 | खानेपानी सरसफाई | 60000 | 48000 | 312000 | 144000 | 270000 | 834000 | |
| | | | 6 | विद्युत तथा उर्जा | 48000 | 36000 | 156000 | 48000 | 270000 | 558000 | |
| | | | 7 | चाडपर्व खर्च | 15000 | 15000 | 195000 | 120000 | 675000 | 1020000 | |
| | | | 8 | कार्यपालीका वैठक भत्ता | 15000 | 15000 | 184500 | 96000 | 0 | 310500 | |
| | | | 9 | नगर सभा | 6000 | 6000 | 130800 | 67200 | 434400 | 644400 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | वैठक भत्ता | | | | | | |
| **जम्मा** | | **492000** | **420000** | **3942300** | **1387200** | **4619400** | **10860900** |

साथै उल्लेखित पदाधिकारीहरुलाई गतवर्ष 2076।77 को 9 महिनाको छुट सेवा सुविधा वापत जम्मा रु.76,84,500।- समेत यसैवर्ष सुविधा सम्बन्धि ऐन, 2077 बमोजिम भुक्तानी भएको छ । साथै 2 जना वडाध्यक्षलाई विगत 29 महिनाको तलव र चाडपर्व खर्च वापत रु.8,32,000।– भुक्तानी भएको छ ।

**२४.१ घर भाडा :** नगरपालिकाले नगर प्रमुखको आवासको लागि मासिक रु.२२,०००।- को दरले बार्षिक २,६४,०००।- भुक्तानी गर्ने गरी घरधनी श्री यकुमाया खड्का सँग २०७७।४।१ मा सम्झौता गरेको छ । स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संसोधन र एकीकरण गर्न बनेको कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन, 2077 मा पदाधिकारीले आवास सुविधा पाउने व्यवस्था नभएकोमा घरभाडा वापत करसहित रु.1,76,000।- मा करकट्टी गरी भुक्तानी भएको रु.1,58,000।- लेख्ने सोको आधार पेश हुनुपर्ने रु.

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **आर्थिक सहायता :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.8,000।- देखि रु.20,000।- सम्म रु.4,75,000।- आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६ | | | **नाफामूलक संस्थासँग सम्झौता :**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोत्ता समिति मार्फत कार्य गराउने व्यवस्था छ। नियमावलीको नियम २(ट) को परिभाषा अनुसार प्राइभेट लिमिटेड कम्पनि उपभोत्ता समितिको परिभाषा भित्र पर्ने देखिदैन । अर्ग्यानिक पेस्टिसाइड/जैविक मलखाद उत्पादन उद्योगको लागि कर्णाली प्रदेश उद्योग, पर्यटन,वन तथा वातावरण मन्त्रालय मार्फत रु.४,०२,३९,४१३।- को डि.पि.आर.(मल कम्पोष्ट ट्याङ्क, पानी प्रशोधन ट्याङ्क, ट्रस्ट निर्माण, मेशिन खरिद सहित ६ आईटम) निर्माण पश्चात प्रदेश मन्त्रालय मार्फत यस स्थानिय तहलाई रु.५०,००,०००।- को बजेट विनियोजन भएकोमा यस आ.व.मा कर्णाली बायो इनर्जी एण्ड अर्गानिक फर्टिलाईजर प्रा.लि. सँग ट्रस्ट निर्माणको लागि रु.४१,६९,७२८।- भुक्तानी दिएको छ । नाफामूलक उद्देश्यले स्थापना भएको प्रा.लि.सँग उपभोक्ता समितिको हैसियतमा सम्झौता गरी रकम समेत भुक्तानी दिएको नियमित देखिएन।साथै ट्रस्टको निर्माण कार्य मात्र सम्पन्न भएकोमा लेखापरिक्षण अवधिसम्म सम्बन्धित प्रदेश मन्त्रालय मार्फत डि.पि.आर. बमोजिमको बाँकि बजेट निकासा नभएकोले यस कार्यक्रमले पूर्णता पाउने सम्बन्धमा विश्वस्त हुन सक्ने देखिएन । कार्यालयले गरेको खर्चको उपयोग सम्बन्धमा सुनिश्चितता हुने आधार पेश हुनु पर्दछ । | |
| २७ | | | **एम्बुलेन्स/सव वाहन खरिद :**<br>कार्यालयले क्याटलग विधि मार्फत एम्बुलेन्स र सब बाहन खरिदको लागि क्रमश: रु.१०,७९,७५५।- र रु.१०,७९,७५५।- को दरले २०७८ भाद्र मसान्तसम्म सवारी साधन आपुर्ति गर्ने गरी अग्नि इनकर्पोटेड प्रा.लि. सँग २०७८।१।१६ मा सम्झौता गरेको छ । रु.१,२०,६००।- को कार्यसम्पादन जमानत राखी गो .भौ. र मिति क्रमश: १०४/०७८।१।२७ र १०६- ०७८।२।६ मार्फत रु.१८,००,०००।- र रु.३,५९,५१०।- समेत रु.२१,५९,५१०।- पेश्किको रुपमा सम्पूर्ण रकम भुक्तानी गरेको देखियो।लेखापरीक्षणको अवधिसम्म समेत सवारी साधन आपुर्ति भएको देखिएन ।सम्पुर्ण रकम भुक्तानी भईसकेकोमा सम्झौताको अवधि नाघि लेखापरीक्षण समय सम्ममा समेत सवारी साधन आपुर्ति नभएकोले समयमा आपूर्ति व्यवस्था मिलाउने तथा भुक्तानी भएको रकमको सुरक्षार्थ कार्यालयले ध्यान पुर्‍याउनु पर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **भेरी नगरपालिका भवन :**<br>भेरी नगरपालिकाको हाता भित्र कार्यालय भवन (भुई र पहिलो तला) को कार्यको लागि मू.अ.कर समेत रु.३,७८,२९,४१५।- को लागत अनुमान स्वीकृत गरी बोलपत्र आव्हान गर्दा २ बोलपत्र दर्ता भएकोमा प्राविधिक मूल्यांङ्कनको आधारमा १ बोलपत्र मात्र छनौट भई लागत अनुमान भन्दा रु.७,६६,२१७।- (२.०३) प्रतिशत घटि कबोल गर्ने गल्वा खड्का कृष्ण जे.भी. सँग मू.अ.कर समेत रु.३,७०,६३,१९८। २५ को कार्य २०७६।३।१५ सम्म सम्पन्न गर्ने गरि २०७४।३।२९ मा सम्झौता भएकोमा गत वर्षसम्म रु.२,४२,९१,६६२।- (रु.४५,७८,९६६पे.फ.समेत) यस वर्ष रु.१,०३,२९,३३५।- समेत रु.३,२५,४४,७७२।- भुक्तानी भई कार्य सम्पन्न भएकोमा निम्नानुसार पाईयो :<br>क) सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ मा सारभुत रुपमा प्रभावग्राही बोलपत्र गरी कार्यसम्पादन जमानत लिनुपर्ने र उक्त जमानत १५ प्रतिशतसम्म कम अंक कबोल गरेमा ५ प्रतिशत र १५ प्रतिशत भन्दा बढी घटेर कबोल गरेमा १५ प्रतिशत भन्दा जति घटी कबोल गरेको छ सोको ५० प्रतिशतले हुन आउने रकम कबोल अंकको ५ प्रतिशतमा थप गरी दाखिला गर्नुपर्ने उल्लेख छ । बोलपत्रदाताको जमानतको जमानत परिक्षण गर्दा रु.२,१३,१६०।- को कम कार्यसम्पादन जमानत राखेको पाईयो ।<br>ख) उक्त भवनको दोस्रो, तेस्रो र चौथो तलाको लागि २०76।77 मा अर्को ठेक्का मार्फत मु.अ.कर समेत रु.2,52,98,624।- को कार्य गर्न 2076।११।29 मा सम्झौता भएको छ । उक्त ठेक्का व्यवस्था गर्दा 0.88 प्रतिशत घटीमा भएको छ । एकिकृत रुपमा लागत अनुमान तयार गरी भवन निर्माण गर्ने व्यवस्था गर्ने तर्फ ध्यान पुर्याउनु पर्ने देखिन्छ ।<br>ग) लागत अनुमानमा पि.एस.आईटम तर्फ कामदारको स्वास्थ्य बिमाको व्यवस्था गरेकोमा सोको कार्यान्वयन भएको देखिएन । | |
| २९ | | | **अनुदान फिर्ता :**<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण अनुदान वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७८ असार मसान्तमा संघिय सरकारको फिर्ता गर्नुपर्ने अनुदान रकम रु.९,३९,०७,१४२।- मध्ये पालिकाले २०७8।०३।३१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गते रु.८,८९,३५,१८८।- फिर्ता गरेको पाईयो । संघिय सरकारतर्फ अनुदान फिर्ता गर्न बाँकि रकम रु.४९,७१,९५४।- र प्रदेश सरकारतर्फ रु.१६,२९,९३८।- गरी जम्मा रु.६६,०१,८९२।- फिर्ता गर्नुपर्ने व्यहोरा लेखापरीक्षणमा उल्लेख गरेपश्चात नेपाल बैंक लिमिटेड जाजरकोटमा मिति 2078।6।19 मा संघतर्फ राजश्व शिर्षक नम्बर 15113 मा रु.49,71,944।- र प्रदेशतर्फ राजश्व शीर्षक नम्बर 15113 मा रु.16,29,938।- गरी जम्मा रु.66,01,892।- फिर्ता दाखिला भएको छ । | |

| **अनुदान प्रदान गर्ने निकाय** | **अनुदानको प्रकार** | **प्राप्त रकम** | **खर्च रकम** | **बाँकी रकम** |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | ४१६०६३००० | ३२२१५५०१८ | ९३९०६९८२ |
| | विषेश | ५००००० | ४९९९८४० | १६० |
| | समपुरक | ४०५०००० | ४०५०००० | ० |
| | समानिकरण | ११६०००००० | १०६१९१०७५ | ९८०८९२५ |
| | अन्य | ० | ० | ० |
| प्रदेश सरकार | शसर्त | १४७३२५०० | १४६३११२५ | १०१३७५ |
| | विषेश | ५०७१००० | ५०६३३९२ | ७६०८ |
| | समपुरक | ८४७१७०१ | ६९५०७४६ | १५२०९५५ |
| | समानिकरण | १०१९६००० | ८४९४९४४ | १७०१०५६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अन्य | ० | ० | ० | | |
| | | | | **जम्मा** | **५७९५८३२०१** | **४७२५३६१४०** | **१०७०४७०६१** | | |
| ३० | | | **ठेक्का व्यबस्थापन :**<br>कार्यालयले उपलब्ध गराएको विवरण अनुसार ढुङ्गा, गिट्टि वालुवा संकलन तथा निकासीको ठेक्का वाहेक सडक, कवर्ड हल र झोलुङ्गे पुलको निर्माण कार्य गर्न यस वर्ष ४ वटा ठेक्का सम्झौता गरेको छ । उक्त कार्यहरु गर्न प्रथम चौमासिकमा ठेक्का सम्झौता गर्नुपर्नेमा दोस्रो चौमासिकमा सम्झौता भएको छ । सो मध्ये 4 संचालन भइ चालु छन । साथै गत वर्ष 2076।77 मा 10 वटा ठेक्का सम्झौता गरेकोमा सो समेत दोस्रो चौमासिकमा भएको र सो मध्ये 6 वटा सम्पन्न भएको छन । साथै आ.व.2073।74 को नगरपालिका भवनको भुँईतला र पहिलो तला कार्य यस वर्ष सम्पन्न भएको छ । पहिलो चौमासिकमै ठेक्का व्यवस्था गरी समयमै सम्पन्न गर्ने व्यवस्था मिलाउनु पर्दछ । | | | | | | |
| ३१ | | | **बार्षिक खरिद योजना/गुरुयोजना :**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.17,28,86,913।– पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **सवारीसाधन खरिद :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यसवर्ष रु.10,34,299।– बराबरको 4 वटा मोटरसाईकल खरिद भएको छ । साथै कृषिक्षेत्र विकास कार्यक्रम (ASDP) बाट खरिद गरी यस कार्यालयमा प्राप्त मोटरसाईकलको समेत ब्लुबुक लिनुपर्नेमा यस कार्यालयबाट खरिद रु.7,17,399।– बराबरको र अन्य कार्यक्रमबाट प्राप्त 1 मोटरसाईकलको ब्लुबुक लिन वाँकि देखिएको रु. | ७१७,३९९ |
| ३३ | | | **आयको अनुमानः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.1,40,00,000।– प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७7।७8 मा रु.1,66,30,069।– अर्थात अनुमान भन्दा 119 प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन थप बृद्धि गर्नेतर्फ ध्यान दिन आवश्यक देखिएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **आन्तरिक आयः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०77।78 मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br>**केन्द्रिय अनुदान, प्रदेश अनुदान र राजश्व बाडफाँड बाट खर्च**: 665099011; **आन्तरिक आय**: 16630069; **आन्तरिक आय प्रतिशत**: 2.76<br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.७६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| केन्द्रिय अनुदान, प्रदेश अनुदान र राजश्व बाडफाँड बाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| 665099011 | 16630069 | 2.76 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **कर तथा शुल्क असुली :**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी लगायतका शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।<br><table><tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr><tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>1500000</td><td>1640055</td><td>109.33</td></tr><tr><td>घरजग्गा वहाल कर</td><td>7000000</td><td>1161871</td><td>16.59</td></tr><tr><td>व्यवसाय कर</td><td>1075000</td><td>998535</td><td>92.92</td></tr><tr><td>बहाल विरौटी कर</td><td>1586901</td><td>1601876</td><td>101</td></tr></table>पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **सम्पत्ति कर तथा अन्य आम्दानी :**<br>कार्यालयले आन्तरिक आय अन्तर्गत सम्पत्ति कर अनलाइन मार्फत आम्दानी गर्ने गरेको पाईयो । अन्य व्यवसायीक कर, जे.सि.वि भाडा, सिफारिस दस्तुर लगायतका कार्यका लागी मेनुअल नगदि रसिद प्रयोग गर्ने तथा कम्प्युटरबाट समेत प्रिन्ट गर्ने गरेको पाईयो । उक्त रसिदहरुबाट प्राप्त आम्दानी परीक्षण गर्न पोष्टिङ गर्ने र वडागत आम्दानी छुट्टीने गरी आम्दानी अभिलेख राख्ने गरेको पाईएन । साथै सम्पत्ति करतर्फका रसिद तथा नगदि आम्दानी रसिदको पनि नियन्त्रण खाता राखि अभिलेख व्यवस्थित गरी प्राप्त आम्दानी सम्बन्धमा परीक्षण गर्ने व्यवस्था मिलाउनुपर्छ । रसिद नियन्त्रण खाता राखी आम्दानी भएका रकमहरु नगदी रसिद वमोजिम भए नभएको हिसाव गरी आम्दानी बाँध्ने व्यवस्था नभएकोले पालिकाले आम्दानी देखाएको राजश्व रकम रु.1,66,30,069।- नै यथार्थ आय भएको आश्वस्त हुन सकिएन । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । तसर्थ स्वचालित प्रणालिलाइ समेत पूर्ण रुपमा प्रयोगमा ल्याउने व्यवस्था गर्नु पर्दछ । | |
| ३७ | | | **फरक आम्दानी :**<br>आन्तरिक राजश्व शाखाले उपलब्ध गराएको विवरण अनुसार यसवर्ष सिधै बैँक दाखिला भएको रु.32,57,430।– र वडा तथा नगरपालिकामा नगद प्राप्त भएको रु.1,09,02,677।– गरी जम्मा रु.1,41,60,107।– आम्दानी भएकोमा प्राप्त आन्तरिक आयको आर्थिक विवरण अनुसार रु.1,43,44,266।08 आम्दानी भएको पाईदा फरक रु.1,84,159।08 सम्बन्धमा एकिन गर्नुपर्ने देखिएको रु . | १८४,१५९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **राजश्व अभिलेख तथा दाखिला :**<br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । नगरपालिकाको १३ वटा वडा कार्यालय र नगरपालिकाको राजस्व शाखाबाट आम्दानी भएका रकमहरु राजस्वको काम गर्ने कर्मचारीले बैंकमा दाखिला गरेको आधारमा आम्दानी बाँध्ने गरेको पाइयो ।नगद आम्दानी रकम दैनिक रुपमा तथा भोलिपल्ट समेत दाखिला नभइ दुरीको कारण ढिलो दाखिला हुने व्यहोरा जानकारी प्राप्त भएतापनि नियमानुसार समयमा दाखिला गर्न कार्यालयले ध्यान दिएको पाईएन । | |
| ३९ | | | **ढुङ्गा,गिट्टि, बालुवा र रोडा :**<br>कार्यालयको मिति २०७८।७।२५ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु ८८२८०६ मिति २०७९।१।२५ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।<br><br>:<br>ढुङ्गा, वालुवा, रोडा तथा नदिजन्य पदार्थ उत्खन विक्रि तथा निकाशि शुल्क संचालन (खानि क्षेत्र बाहेक) कार्यको लागि 14 वटा नाका क्षेत्र तोकि 1,51,895।– घ.मि.को लागि मु.अ.कर बाहेक 80 लाख न्यूनतम वोलअंक कायम गरी प्रभाव राष्ट्रिय दैनिकमा 2077।4।12 मा 30 दिने सूचना प्रकाशन गरेकोमा कुनै पनि वोलपत्र दर्ता नभएकोले पुन मिति 2077।05।24 मा 15 दिने सूचना प्रकाशन गर्दा वोलपत्र पेश नभएको हुँदा १० वटा प्याकेज बनाइ छुट्टा छुट्टै न्यूनतम अंक राखि जम्मा मु.अ.कर समेत 3,860,000।– न्यूनतम अंक कायम गरी भेरी मालिका 2077।12।13 मा ७ दिने सूचना प्रकाशन गर्दा कुनै दरभाउ पत्र पेश नभएकोले पुन 2077।12।20 मा सोहि पत्रिकामा 7 दिने सूचना | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
प्रकाशन गरेको पाईयो । उक्त १० प्याकेज मध्ये रिम्ना नाका, बरेला खोला नाका, राक्से नाका र खोदाखोला नाका बाहेक ६ नाकाको लागि मु.अ.कर समेत न्यूनतम रकम रु.28,80,000।– को लागि रु.28,92,348।– उल्लेख गरी दरभाउ पेश गरेकोमा सोहि बमोजिम ५ फर्मको ६ वटा दरभाउ पत्र 2077।12।28 मा स्वीकृत गरी 2077।12।29 देखि 2078।01।05 सम्म सम्झौता गरी कार्य गराई रु.18,86,553।– (3 वटा फर्मले एकमुष्ट रुपमा बुझाएकोले १० प्रतिशत छुट गरी) आम्दानी तथा दाखिला गरेकोमा निम्न बमोजिम पाईयो ।<br>
क. उक्त ठेक्का सम्झौता मिति भन्दा अगाडि नगरपालिकाले ७ जना कर संकलक दैनिक ज्यालादारीमा भर्ना गरी 7 खोलाबाट जम्मा रु.5,63,910।– असुल गरेको पाईयो । उक्त रकम असुल गर्न राखेका कर्मचारीको लागि मात्र रु.5,44,500।– पारीश्रमिक भुक्तानी भएको पाईदा आम्दानी खर्च सम्बन्धमा समेत विश्लेषण गर्नु पर्दछ ।<br>
ख. कार्यालयले सुरुमा मिति 2077।4।12 र 2077।05।24 मा वोलपत्र आह्वान गर्दा नपरेकोमा विचमा पुन वोलपत्र आह्वान नगरी 2077।12।13 मा आह्वान गरेको पाईदा समयमै वोलपत्र-दरभाउपत्र सूचना प्रकाशन गरी कार्य गराउनुपर्दछ ।<br>
ग. सम्झौता बमोजिम ६ वटा खोलाबाट ढुङ्गा गिटि संकलन गरे वापत ५ वटा फर्मबाट जम्मा रु.28,92,348।– असुल गर्नु पर्नेमा निम्न बमोजिम रु.8,82,806।– असुल नभएकोले उक्त रकम तथा सोमा लाग्ने शुल्क व्याज समेत असुल गर्नु पर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>फर्मको नाम</th><th>रकम</th></tr>
<tr><td>1</td><td>दिवा यति बल्डर्स, कालेगाउँ नाका</td><td>401150</td></tr>
<tr><td>2</td><td>मुक्त बस्नेत निर्माण सेवा, पासागाड नाका</td><td>160008</td></tr>
<tr><td>3</td><td>ज्ञानज्योति निर्माण सेवा</td><td>321648</td></tr>
</table>
घ. ठेकदारलाई ६ खोला नाकामा ढुङ्गा गिट्टि संकलन निकासी गर्न स्वीकृति दिदा निकासी परिणाम खुल्ने रसिद छपाई गरि दिने र उक्त रसिदको आधारमा तोकिएको परिमाण भन्दा बढी संकलन तथा निकासी नहुने व्यवस्था मिलाउनु पर्नेमा रसिद छपाई गर्ने गरेको पाईएन । जसले गर्दा ठेकेदारलाई दिएको परिणाम भन्दा बढी संकलन तथा निकासि भएको छैन भन्न सकिएन ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ङ. ढुङ्गा गिट्टि संकलनको लागि ठेक्का व्यवस्था भन्दा अगाडि दैनिक ज्यालादारी कर्मचारीबाट संकलन गर्न 46 ठेलि (50 प्रति वाला) छपाई गरी गरेकोमा सोमध्ये ८ ठेली कार्यालयमा मौज्दात रहेको छ । 38 वटा ठेली कर्मचारीलाई दिएकोमा १५ ठेली आंशिक रुपमा वाँकि रहेको छ । उक्त रसिदबाट उठेको रकम तथा निकासि संकलन परिमाण खुल्ने गरी पोष्टिङ गरी प्राप्त आम्दानी सम्बन्धमा एकिन गर्ने व्यवस्था मिलाउनु पर्नेमा संकलन गर्ने कर्मचारीले वडामा बुझाएको आधारमा रकम जम्मा गर्ने गरेको पाईयो । साथै १ नम्बर वडा र ११ नम्बर वडाबाट उक्त खर्च भई बाँकी रहेका रसिद समेत फिर्ता लिई दाखिला रकम एकिन गर्नु पर्नेमा अर्धकट्टि रसिद र प्रयोग नभएका रसिद फिर्ता लिएको पाईएन । | |
| ४० | | | **स्थानीय तहरूको विभाज्य कोष :**<br>कार्यालयको मिति २०७८।७।२५ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु ५६९५० मिति २०७९।१।२५ मा फछ्यौंट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।<br>:<br>प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये 60 प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी 40 प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । राजश्व शाखावाट प्राप्त विवरण अनुसार 23,42,753।– जम्मा गरेको व्यहोरा उल्लेख गरेकोमा विभाज्य कोषमा 22,85,803।– मात्र जम्मा गरेको पाईदा फरक रु.56,950।– सम्बन्धमा एकिन गरी सोको समेत प्रदेश राजश्व खातामा हिसाव गरी पठाउनुपर्ने देखिएकोमा लेखापरीक्षण पश्चात ने.बैं.लि जाजरकोट मिति 2078।6।19 मा राजश्व शीर्षक नम्बर 14157 मा (कर्णाली प्रदेश राजश्व खातामा) रु.9,14,321।- दाखिला भएको छ । बाँकी रु.56,950।- का सम्बन्धमा समेत एकिन गरी सम्बन्धित खातामा समेत पठाउनु पर्ने रु.<br><br>**४०.१** आन्तरिक राजश्व खातामा आर्थिक वर्षको अन्त्यमा रु.18,295।– बाँकी रहेकोमा लेखापरीक्षण अवधि 2078।05।31 सम्म संचित कोष दाखिला गरेको पाईएन । सम्बन्धित खातामा समयमै पठाउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **व्याकहो लोडर :**<br>कार्यालयले सडक निर्माण तथा मर्मतको लागि मिति 2075।12।7 मा रु.37,15,000।– को व्याकहो लोडर खरिद खरिद गरी संचालनमा ल्याएकोमा यसवर्ष 600 घण्टा चलेको जानकारी प्राप्त हुन आयो । वार्षिक ईन्धन रु.4,310।– लिटर डिजेल अर्थात रु.4,74,100।– (110 का दरले) बराबरको प्रयोग भएको, मर्मत संभारमा रु.4,52,689।– खर्च भएको र ड्राईभरको तलव, चाडपर्व र पोशाक रु.3,20,050।– खर्च भएको पाईन्छ । साथै उक्त व्याकहो लोडर संचालनबाट रु.22,500।– आम्दानी भएको पाईन्छ । तसर्थ व्याकहो लोडरको प्रयोग, उपयोगिता, आम्दानी र खर्च र संचालन सम्बन्धमा विश्लेषण गरी संचालन विधी तयार गर्नु पर्दछ । | |
| ४२ | | | **पाँचकटिया देखि धरमखर्क हुँदै मछाइना जोड्ने सडक :**<br>पाँचकटिया देखि धरमखर्क हुँदै मछाइना जोड्ने सडकको लागि कन्टेन्जेन्सी र मु.अ.कर समेत रु.83,33,540।– को लागत अनुमान स्वीकृत गरी बोलपत्र आह्वान गर्दा ७ वटा परेकोमा घटिवाला सविन कन्ट्रक्सनको मु.अ.कर समेत रु.27,98,375।– (65.64 प्रतिशत घटी) को बोलअंक स्वीकृत गरी मिति 2078।03।20 मा कार्यसम्पन्न गर्ने गरी मिति 2077।12।2 मा सम्झौता गरेकोमा यस वर्ष भुक्तानी पनि भएको नदेखिनुका साथै म्यादथप समेत भएको छैन । सम्झौता बमोजिम कार्य गराई समयमै कार्यसम्पन्न गरी गराई फरफारक गर्नुपर्दछ । साथै कार्यालयले पर्फमेन्स वण्ड वापत कृषि विकास बैंकबाट मिति 2077।12।2 मा 2079।4।26 सम्मको लागि रु.21,91,000।– को जमानत राखेको छ । समयमा कार्य भएको नपाइदा कार्य सम्पादन जमानतको अवधिमा समेत निर्णय गर्नुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **नगरपालिका समानिकरण पुँजिगत :**<br>नगरपालिकाबाट यसवर्ष वडा नं.3 को भवन निर्माणको लागि रु.42,31,434।– को लागत अनुमान स्वीकृत गरी वोलपत्र आह्वान गर्दा 3 वटा परेकोमा 1 वटाको मात्र मूल्याँकन गरी 0.02 प्रतिशत घटिवाला साईवावा एण्ड तारा कन्ट्रक्सन सेवाको रु.42,30,637।- स्वीकृत गरी मिति 2077।3।20 सम्म सम्पन्न गर्ने गरी 2076।11।16 मा सम्झौता भएको पाईयो । ततपश्चात कोभिडको कारण कार्य हुन नसकि कार्यापालिकाबाट मिति 2077।5।30 मा 6 महिना अर्थात 2077।9।20 सम्म म्यादथप भएको पाईयो । निर्माणस्थलमा स्थानीय व्यक्तिले विवाद गरेको कारण साईड उपलब्ध गराउन नसकेको कारण हालसम्म केही कार्य हुन नसकी अलपत्र अवस्थामा रहेको छ ।साईडको सम्बन्धमा स्पष्ट नभई ठेक्का सम्झौता गर्नु तथा हालसम्म आफ्नो जग्गामा कार्य गराउन नसक्नु उपयुक्त देखिएन । ठेकेदारबाट कृषि विकास वैक लिमिटेडको 2076।11।2 को पत्रानुसार 2077।11।5 सम्मको रु.2,12,000।– को पर्फमेन्स बन्ड पेश गरेकोमा म्याद थप गरेको छैन। पेश्की जमानत वापत ठेकेदारले मिति 2076।11।15 मा रु.4,23,000।- को पेश्की जमानत पेश गरेकोमा म्याद थप नभएको, कार्य नभएको जमानत पत्रको म्याद थप नभएकोले पेश्की वाँकी रु.4,23,637।– को व्याज समेत असुल गर्नुपर्ने देखिन्छ । | |
| ४४ | | | **कर विजक :**<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक जारी गर्नुपर्ने व्यवस्था छ । यस पालिकामा उपभोक्ता समूह मार्फत गरिएका काममा उपभोक्ताले मेशिनको प्रयोग गरी भाडा भुक्तानी गरेको पाइयो । अधिकाश उपभोक्ताले इन्धनको बिल छुट्टै राखी मेशिनको भाडा भुक्तानीको भर्पाइ राख्ने गरेको पाइयो । मेशिन भाडामा मु.अ.कर समावेश हुने तर कर बिजक जारी नगरेकोले सो भाडामा समावेश भएको मू.अ.कर सम्बन्धमा विजक जारी गरी समायोजन समेत हुनुपर्ने सम्बन्धमा कार्यालयले ध्यान दिएको छैन । | |

| सि.नं | गो.भौ.नं. र मिति | उपभोक्ता समितिको नाम | डोजर संचालक | उ.स.मार्फत भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|
| 1 | | | | 223696 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 102।2078।1।17 | विष्णु गैरदेखि लाजे बगर सडक नि.उ.स | प्रदिप वि.क. | | भरपाईको आधार | | |
| | | | 2 | 65।2077।12।9 | बरको रुखदेखि विसाले कृषि सडक निर्माण उ.स. | जीवन जैसी | 320760 | भरपाईको आधार | | |
| | | | 3 | 137।2077।3।16 | पिठेगौडा वान्नी सडक स्तरोन्नती उ.स. | डम्बर खत्री | 150000 | भरपाईको आधार | | |
| | | | 4 | 162।2078।3।22 | वाख्रर विमेरी हुँदै चुलाकोट सडक उ.स. | जीवन जैसी | 46,4349 | भरपाईको आधार | | |
| | | | 5 | 169।2078।3।22 | कार्कीटोल देखि स्याउली बजार सम्म अधुरो सडक निर्माण उ.स. | नरेश बुढाथोकी | 373428 | भरपाईको आधार | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **प्राविधिक बिल र कार्य सम्पन्नः**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनु पर्दछ । | |
| ४६ | | | **लागत सहभागिता :**<br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | | | **(ब.उ.शि.नं.365011114 संघीय सरकार समपुरक अनुदान :) भवन निर्माण :**<br>भेरी नगरपालिकाको प्रशासकिय भवनको दोस्रो,तेस्रो र चौथो तला निर्माण कार्यको लागि रु.2,55,25,755।- को लागत अनुमान स्वीकृत गरी वोलपत्र मार्फत मु.अ.कर समेत रु.2,52,98,624।- को कार्य मिति 2078।03।09 भित्र सम्पन्न गर्ने गरी मिति 2076।11।29 मा सम्झौता गरेको छ । सम्झौता वमोजिम कार्य गराई गतवर्ष सम्म मु.अ.कर समेत रु.86,59,244।- र यस वर्ष पेश्की फछ्यौट रु.25,29,862।- समेत रु.1,68,96,976।- गरी जम्मा रु.2,55,56,220।- को कार्य मिति 2078।03।05 मा कार्य सम्पन्न गरी भुक्तानी भएकोमा निम्न बमोजिम पाईयो ।<br>क. चौथो तथा अन्तिम विलबाट प्रोभिजनल सम अनतर्गत ल्यापटेष्ट वापत रु.45,000।- र सुरक्षा सामाग्रि, वत्ति वापत रु.8,000।- भुक्तानी भएकोमा सम्बन्धित कार्यको विलपेश नभएकाले एकिन गरी अशुल गर्नुपर्ने रु. ............................<br>ख. कार्यालयलाई मिति 2077/77 मा रु.24,29,862।- पेश्की दिएकोमा रु.25,00,000।- मध्ये बँक ग्यारेन्टि लिएको पाईयो । उक्त पेश्कीको बैँक ग्यारेन्टी 2077।04।01 देखि 2077।07।01 सम्म नविकरण भएको नदेखिएको र कार्यालयले अन्तिम बिलबाट मिति 2078।3।29 मा रु.2,02,3890।- पेश्की फछ्यौट गरेकोमा 2077।12।30 बाट 2078।3।5 अर्थात कार्यसम्पन्न मितिसम्म म्याद थप गरी नविकरण गरेको पाईएन ।<br>ग. कार्यालयले रु.12,65,000।- कार्यसम्पादन जमानत वापत मिति 2076।11।27 मा 2078।2।26 सम्म अवधि रहेको नेपाल वंगलादेश कैँकको जमानत पत्र लिएकोमा सम्पन्न भएको अवधिबाट 13 महिना अर्थात 2079।4।5 सम्म अवधि रहेको कार्यसम्पादन जमानत लिएको पाईएन। | ५३,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **शिक्षक दरवन्दी र पदपूर्ति -**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५५ सामुदायिक विद्यालयहरुमा २४६ शिक्षक दरवन्दी रहेकोमा २४६ जना पदपूर्तिको अवस्था रहेको छ जहाँ १३ जना शिक्षक करार बाट पदपूर्ति गरिएको छ भने जम्मा विद्यार्थीको संख्या वाल विकासतर्फ 856 समेत 10237 रहेको देखिन्छ । | |
| ४९ | | | **स्यानिटरी प्याड खरिदः**<br>गो.भौ.र मिति ५५-२०७७।१०।१४ बाट विद्यालय स्वास्थ्य अर्न्तगत विद्यालयलाई वितरण गर्न ४१५०० प्याड प्रति स्यानिटरी प्याडको रु ४७.९० का दरले रु १९,८७,८५०।- को लागत अनुमान तयार गरी मिति २०७७ जेठ ३२ गते भेरी दैनिक स्थानीय पत्रिकामा सूचना प्रकाशित गरेकोमा सव भन्दा कम दर प्रति प्याडको रु.४१.९२ का दरले रु १७३९८९४।५० कवोल गर्ने मधुकर निर्माण सेवा एण्ड मधुकर सप्लायर्ससँग २०७८।३।२८ मा कार्य सम्पन्न गर्ने गरी मिति २०७८।३।२१ मा संझौता गरी कार्य गराई सोही बमोजिम भुक्तानी दिएकोमा निम्न बमोजिम पाईयो ।<br>• संझौता वमोजिम सामान उपलव्ध नसकेको कारण कार्यालयले २०७७।१०। २९ सम्म म्याप थप गरेकोमा म्याद थप गर्नु पर्ने उचित कारण विना म्याद थपेको देखियो,<br>• खरिद भएका स्यानिटरी प्याडको गुणस्तर परिक्षण गरेको प्रमाण संलग्न छैन,<br>• लकडाउनको समयमा विद्यालय खुल्ने सुनिश्चता नभई सामान खरिद उचित देखिएन,<br>• संझौता अनुसार ५ प्रतिशत धरौटी कट्टा गर्नुपर्नेमा सो कट्टी गरेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ५० | | | **सोझै खरिद :**<br>गो.भौ.र मिति 300-2078-3-27 बाट सामुदायीक विद्यालयका विद्यर्थीलाई नि:शुल्क स्यानिटरी प्याड व्यवस्थापन गर्न भनि भवानी प्याथोक्याम एण्ड सर्जिकल हाउस नेपालगन्ज बाँकेबाट रु.७,६५,२९२।- बराबरका २१५०० प्याड खरिद भएकोमा निम्न व्यहोरा देखियो ।<br>• लक डाउनको समयमा विद्यालय खुल्ने सुनिश्चता नभई सामान किन्नु उचित देखिएन,<br>• संझौता अनुसार ५ प्रतिशत धरौटी कट्टा गर्नुपर्नेमा सो कट्टी गरेको देखिएन,<br>• सामान मौज्दात रहेको अवस्थामा बढी परिणाममा स्यानिटरी प्याड सोझै खरिद गरिनु उचित देखिएन । | |
| ५१ | | | **कोभिड-19 (एन्टिजेन) :**<br>गो.भौ.र मिति 290-2078।3।25 बाट कोभिड-19 का कारण उत्पन्न परिस्थितिमा सिकाइ शैक्षिक कार्यक्रम अन्तर्गत नवलक्ष्मी सप्लायर्सबाट 475 वटा टेष्ट किटको रु.4,99,178।- खरिद भएकोमा लागत अनुमान तयार नगरी सोझै खरिद गरेको देखियो । खरिद भएका टेष्ट किटहरु विद्यालयमा प्रयोग भएको प्रमाण समेत पेश नभएकोले सदुपयोग भएको प्रमाण पेश हुन पर्ने रु...................... | ४९९,१७८ |
| ५२ | | | **तलव बढी भुक्तानी :**<br>कार्यालयको मिति २०७८।७।२५ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु २५०१८ मिति २०७९।१।२५ मा फछ्यौंट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।<br>:<br>प्रा.वि.द्धितीय भद्र बहादुर घर्ती 2078।01।12 देखि शैक्षिक अवकाश हुनु भएकोमा 2078 बैशाखको तलब भत्ता भुक्तानी निकाशा हुँदा निजलाई रु.17,904।-(स्थानीय भत्ता समेत) भुक्तानी हुन पर्नेमा रु.44,802।- भुक्तानी भएको देखिएकोले कोभिड राहत कोष रु.1,880।- कट्टा गरी बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु........................ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५३</td><td></td><td></td><td>दृष्टिविहिन छात्रवृत्ति :<br>गो.भौ.र मिति 155-2078-2-17 बाट कार्यक्रम कार्यान्वयन पुस्तिका 2077/78 को बुँदा नं.7.2.1.1 बमोजिम दृष्टिविहिन छात्रवृत्ति अन्तर्गत कक्षा १ देखि १२ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी प्रति महिना रु.4,000।- मध्ये रु.500।- विद्यार्थीलाई र रु.3,500।- विद्यालयलाई विद्यार्थिको आवाश व्यवस्थापनको लागि 1 आर्थिक वर्षमा 10 महिना भुक्तानी दिने व्यवस्था अनुसार निम्न विद्यालयलाई भुक्तानी गरेको देखियो । कोभिड 19 का कारण विद्यालय पूर्ण रुपमा संचालन नभएको अवस्थामा समेत विद्यालयलाई विद्यार्थी आवाश व्यवस्थापनको लागि 2077 मंसिरदेखि 2078 बैशाखसम्म जम्मा 6 महिना मात्र विद्यालय संचालन भएको अवस्थामा पुरै 10 महिनाको निकाशा दिएको देखिएकोले ४ महिनाको बढी भुक्तानी असुल गर्नुपर्ने रु..................<br>
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>विद्यार्थी संख्या</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>1</td><td>त्रिभुवन मा.वि.खलङ्गा</td><td>20</td><td>280000</td></tr>
<tr><td>2</td><td>लक्ष्मी मा.वि.भेरे</td><td>3</td><td>42000</td></tr>
<tr><td>3</td><td>शिव शकर मा.वि. जगतिपुर</td><td>4</td><td>56000</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>378000</td></tr>
</table></td><td>३७८,०००</td></tr>
<tr><td>५४</td><td></td><td></td><td>पेश्की :<br>कार्यालयको मिति २०७८।७।२५ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु २११२० मिति २०७९।१।२५ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।<br>:</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गो.भौ.र मिति 192-078।3।14 बाट कोभिड-19 का कारण उत्पन्न परिस्थितीमा सिकाइ सहजका लागि विद्यालयलाई वितरण गर्नको लागि मिति 2077।12।22 मा अहेव रत्न बहादुर घर्तीलाई रु.14,12,222।-पेश्की दिई भवानी प्याथोक्याम एण्ड सर्जिकल हाउस नेपालगन्जबाट सामान खरिद गरी पेश्की फछ्यौट गरेकोमा निम्न व्यहोरा देखियो ।<br><br>**सि.नं.** \| **सामानको नाम** \| **परिमाण** \| **दर** \| **जम्मा**<br>1. \| सर्जिकल मास्क \| **158910** \| **8.85** \| 1406353.5<br>2. \| सेनेटाईजर 500 मि.लि को \| **270** \| **442** \| 119340<br>**जम्मा** \| \| **1525693.5**<br>**कुल जम्मा (मु.अ.कर समेत)** \| \| **1724033.66**<br><br>• उक्त खरिद कार्य विद्यालय मार्फत गराउनुपर्नेमा कार्यालयले खरिद गरी दिनु उपयुक्त देखिएन,<br>• पेश्की लिदा लागत अनुमान तथा खरिद हुने सामानको विवरण स्वीकृत भएको देखिएन,<br>• विद्यालय बन्द भएको अवस्थामा सामान खरिदको लागि सम्बन्धित आपूर्तिकर्तालाई सोझै भूक्तानी दिनु पर्नेमा सामान खरिदको लागि व्यक्तिलाई पेश्की दिनु नियमसम्मत देखिएन ।<br>• खरिद भएका सामानको अनुगमनवापत उपप्रमुख भवानी भण्डारीलाई ६ दिनको रु.10560 र निमित्त प्रमुख प्रशासकिय अधिकृत दल वहादुर घर्तीलाई रु.10,560।- समेत रु.21,120।- बुझाएको भनि पेश्की फछ्यौट भएकोमा हस्ताक्षर नभएकोले उक्त रकम फिर्ता हुनु पर्ने रु.................... | |
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५ | | | **दिवा खाजाः**<br>कार्यालयको मिति २०७८।७।२५ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु १४४०४४ मध्ये मष्टा आवि को वेरुजु रु १९४१० मिति २०७९।१।२५ मा फछ्यौंट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।<br>:<br>गो.भौ. र मिति १५२-२०७८।३।२४ बाट 1 कक्षा देखि 5 कक्षा सम्मका विद्यार्थीहरुलाई बढिमा १८० दिन सम्मको हाजिर भएका दिनको रु.15 का दरले प्रति विद्यार्थि प्रतिदिन रु.15 का दरले दिवा खाजा खर्च दिने व्यवस्था अनुसार २०७७ मंसिर देखि २०७८ वैशाखसम्म विद्यालयको खातामा भुक्तानी भएकोमा विद्यालयबाट प्राप्त मागफाराम र विद्युतिय सूचना प्रणाली (EMIS) मा देखाईएको विद्यार्थी संख्या विच फरक देखिएको निम्नानुसारको रकम असुल गर्नुपर्ने रु................ | १२४,६३४ |

| **स्कुलको नाम** | EMIS **ले देखाएको विद्यार्थी संख्या** | **भुक्तानी भएको संख्या** | **भुक्तानी भएको दिन** | **भुक्तानी हुनुपर्ने दिन** | **बढी दिन** | **रकम** |
|---|---|---|---|---|---|---|
| भेरी त्रिवेणि मा.वि. | | | | | | |
| वालविकास कक्षा | 15 | 30 | 2711 | 1355.5 | 1355.5 | 20333 |
| कक्षा १ | 30 | 38 | 3297 | 2602 | 694 | 10411.00 |
| कक्षा ४ | 35 | 40 | 3237 | 2832 | 405 | 6069.00 |
| जम्माः | | | | | | **36813.00** |
| शिव शंकर मा वि | | | | | | |
| | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कक्षा २ | 39 | 44 | 1967 | 1743 | 223 | 3353 | | |
| | | | | कक्षा ४ | 52 | 79 | 4081 | 2686 | 1395 | 20921.00 | | |
| | | | | कक्षा ५ | 19 | 70 | 4718 | 1281 | 3437 | 51561 | | |
| | | | | जम्मा | | | | | | **75835** | | |
| | | | | मष्ट मा.वि | | | | | | | | |
| | | | | कक्षा १ | 31 | 38 | 2222 | 1814 | 408 | 6120 | | |
| | | | | कक्षा 3 | 19 | 32 | 2182 | 1296 | 886 | 13290 | | |
| | | | | **जम्मा** | | | | | | **19410** | | |
| | | | | लक्ष्मी मा.वि.भेरे | | | | | | | | |
| | | | | बालकक्षा | 22 | 31 | 1684 | 1195 | 489 | 7333 | | |
| | | | | कक्षा ५ | 32 | 36 | 2792 | 2482 | 310 | 4653 | | |
| | | | | **जम्मा** | | | | | | **11986** | | |
| | | | | **कुल जम्मा** | | | | | | **144044** | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **सहयोगि कार्यकर्ताको विवरणः**<br>शिशु कक्षा संञ्चालनका लागि कम्तिमा २० जना बालबालिका बराबर एक जना सहयोगी कार्यकर्ताको पारिश्रमिक दिनुपर्ने, प्रत्येक ६।६ महिनामा निरीक्षण अनुगमन गरी विद्यार्थी घटबढको आधारमा सहयोगी कार्यकर्ताको दरवन्दी समायोजन गर्नुपर्दछ । फ्लाश रिपोर्टमा विद्यार्थीको विवरण नभएको वाल विकास केन्द्रलाई अनुदान दिन नमिल्ने कार्यक्रम कार्यान्वयन पुस्तिका ०७7।७8 मा उल्लेख छ । बाल विकास केन्द्रमा 856 बालबालिका रहेको विवरण प्राप्त भएको छ । सो बमोजिम 43 जनासम्म सहयोगी कार्यकर्ताको रु.33,38,400।- भए पुग्नेमा ४4 जना सहयोगी कार्यकर्तालाई रु.34,72,000।- खर्च भएको छ । विद्यार्थीको अनुपातभन्दा १ जना सहयोगी कार्यकर्ता बढी भर्ना गरी रु.88,०००।- बढी व्यय भार पारेको छ।वालविकासका विद्यार्थीहरुको संख्याको अनुपातको आधारमा सहयोगी कार्यकर्ताहरुको नियुक्ती गर्नेतर्फ पालिकाले ध्यान दिनु  पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **लागत साझेदारीमा मध्य पहाडि लोकमार्गमा दुध उत्पादन कार्यक्रम :**<br>लागत साझेदारी अन्तर्गत मध्य पहाडि लोक मार्गमा भैँसि पालन कार्यक्रम संचालनका लागि संघीय सरकारबाट प्राप्त शशर्त अनुदान रु.21,70,000।- र नगरपालिकाबाट प्राप्त अनुदान रु.21,70,000।- समेत जम्मा रु.43,40,000।- को लागत साझेदारीमा नगरपालिकाका 4 वटा वडाका 4 वटा कृषि समुहलाई भैसि वितरण कार्यक्रम रहेकोमा अब्दुला पशुपालन फार्म नेपालगन्जबाट 20 वटा मुर्रा जातका प्रतिभैसि रु.1,22,833।- का दरले जम्मा रु.24,56,660।- भैँसि खरिद गर्न रोकाय गाउँ भैसिपालन समूह भेरी नगरपालिका 13 र प्रगतिशिल भैँसि पालन समूहलाई भुक्तानी दिएको देखियो । सो सम्बन्धमा निम्न व्यहोरा देखिएको छ ।<br>• समुदायसँग भएको सम्झौताको बुँदा नम्बर 5 मा प्रतिसदस्य अनुदानबाट प्राप्त 3 वटा भैँसि समेत 30 वटा भैँसिको अनिवार्य विमा गराउनु पर्नेमा बिमा गराएको प्रमाण पेश भएन,<br>• सम्झौताको बुँदा नम्बर 4 मा उल्लेख भए अनुसार दोस्रो पक्षले भैँसि ढुवानी बापतको रकम समुहको खातामा जम्मा गर्नु पर्नेमा सोको प्रमाण पेश भएन,<br>• सम्झौताअनुसार खरिद गरिएका भैँसिहरु तिन महिनादेखि 7 महिनासम्मको व्याउने भएको प्रमाण सम्बन्धित प्राविधिकबाट लिई संलग्न गर्नु पर्नेमा सो प्रमाण पेश भएन,<br>• खरिद भएका भैँसिको स्वास्थ्य निरोगिता र प्रजनन क्षमता सम्बन्धमा सम्बन्धित विशेषज्ञबाट जाँच गरेको छैन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५८</td><td></td><td></td><td>बाख्रा पालन :<br>प्रधानमन्त्री कृषि आधुनिकरण अन्तरर्गत लागत साझेदारीमा बाख्रा प्रवद्धन कार्यक्रम अन्तर्गत निम्न बाख्रा पालन समुहलाई बाख्रा खरिदको लागि भुक्तानी दिएकोमा निम्न व्यहोरा देखियो ।<br><table><tr><th>सि.नं.</th><th>बाख्रा पालन समूह</th><th>भुक्तानी रकम</th></tr><tr><td>1.</td><td>देउराली व्यवसायिक बाख्रा पालन समूह</td><td>69000</td></tr><tr><td>2.</td><td>लेकाली बाख्रा पालन समूह</td><td>667400</td></tr><tr><td>3.</td><td>मालिका महिला कृषक समूह</td><td>690000</td></tr><tr><td colspan="2">जम्मा</td><td>1426400</td></tr></table>• समुदायसँग भएको सम्झौता बाख्राको अनिवार्य विमा गराउनु पर्नेमा बिमा गराएको प्रमाण पेश भएन,<br>• खरिद भएका बाख्राको स्वास्थ्य निरोगिता र प्रजनन क्षमता सम्बन्धमा सम्बन्धित विशेषज्ञबाट जाँच गरेको छैन ।</td><td></td></tr>
</table>


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९ | | | **बढी भुक्तानी :**<br>कार्यालयको मिति २०७८।७।२५ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु १६२५० मिति २०७९।१।२५ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।<br>:<br>गो.भौ र मिति 607-2078-3-30 बाट पालिकाले निम्न कर्मचारीलाई अनुगमन गरेवापत दैनिक भ्रमण भत्ता वापत भुक्तानी भएकोमा भ्रमण आदेश र भ्रमण बिल भन्दा बढी रकम भुक्तानी भएकोले रकम असुल गर्नुपर्ने रु.......................................... | |

| सि.नं. | कर्मचारीको पद/ नाम | भुक्तानी हुनु पर्ने रकम | भुक्तानी भएको रकम | बढी भुक्तानी |
|---|---|---|---|---|
| 1 | ना.सु.किर्ति बहादुर थापा | 45000 | 53220 | 8250 |
| 2 | आ.ले.प.सहायक श्रवण कुमार शर्मा | 33000 | 41000 | 8000 |
| **जम्मा** | | | | **16250** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६० | | | **बैठक भत्ता :**<br>गो.भौ.र मिति ५६८-२०७८।3।२६ बाट कर्णाली प्रदेश कार्यसंचालन निर्देशिका 2076 वमोजिम एकै कार्यालयमा कार्यरत कर्मचारी उपस्थित भई वैठक बसेको अवस्थामा बैठकभत्ता दिने व्यवस्था नरहेकोमा कार्यालयमा कार्यरत कर्मचारीमात्र उपस्थित भएको विभिन्न मितिमा खरिद ईकाइको बैठक बसे वापत एकमुष्ठ रु.4,94,000।- भुक्तानी भएको छ । यसरी कार्यालयमा कार्यरत कर्मचारीमात्र उपस्थित भई वसेको बैठकमा वैठकभत्ता दिने व्यवस्थामा नियन्त्रण हुनु पर्दछ । | |
| ६१ | | | **सामाजिक परिक्षण तथा आर्थिक लेखापरीक्षणः**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७7।७8 को क्रियाकलाप नं २.७.१३.१० मा भएको व्यवस्था अनुसार आधारभुत तह सञ्चालित विद्यालयहरुलाइ प्रति विद्यालय वार्षिक रु १०,०००।- र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाइ प्रति विद्यालय वार्षिक रु १५,०००।- का दरले अनुदान दिने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार जम्मा ५3 वटा विद्यालयमा 21 वटा विद्यालयले मात्र लेखापरिक्षण गराएको पाइयो । बाकी 32 वटामा ३ वटा माध्यमिक तह सञ्चालित विद्यालयहरु र 2८ वटा आधारभुत तह सञ्चालित विद्यालयहरुले लेखापरिक्षण नगराएको पाइयो । उक्त विद्यालयहरुलाइ लेखापरीक्षण वापत प्रदान गरिएको अनुदान रकम माध्यमिक तह सञ्चालित विद्यालयहरुलाइ रु.45,०००।- र आधारभुत तह सञ्चालित विद्यालयहरुलाइ रु.2,25,०००।- गरी जम्मा रु.3,25,000।- रकमको लेखापरिक्षण गराएको प्रतिवेदन प्रमाण पेश गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२ | | | **औषधी खरिद :**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ ।यस कार्यालयबाट शशर्ततर्फबाट रु.14,00,000।- को र निशर्त अनुदानबाट रु.18,00,000।- बराबरको 38 प्रकारको औषधि खरिद गरेकोमा रु.5 लाख भित्र रही खुला कोटेसनबाट खरिद गरेको पाईयो । तसर्थ वोलपत्र विधी तथा राष्ट्रियस्तरमा प्रकाशित सूचनाको विक्रि मूल्य आधार अपनाई खरिद कार्यलाई मितव्ययी बनाउन ध्यान दिनु पर्दछ ।<br><br>**६२.१** आपूर्ति भएका सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम :** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था छ। कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्न कठिन हुने देखिन्छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, चौतारी, मन्दीर निर्माण विद्यालय फिल्ड तथा घेरावार, स्वास्थ्य चौकि भवन, खानेपानी मर्मत कार्य लगायतका 43 वटा कार्यक्रम सञ्चालन गरी यस वर्ष ४22 जनालाई रोजगारी उपलव्ध गराई रु.2,23,68,767।- खर्च गरेको छ । लक्षित वर्गलाई 90 दिनदेखि 100 दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ६४ | | | **अधुरा आयोजना :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु.३ करोड ५८ लाख ९८ हजारका १५ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बर्षौ सम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| क्र.स. | निर्माणकार्य | निर्माणव्यवसायी | संझौतामिति | सम्पन्नगर्नुपर्ने मिति | योबर्ष सम्मको खर्च(रु हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | त्रिभुवनआधारभुत विद्यालय निर्माणयोजना | वि.व्य.स | 2078.1.25 | 2078.3.16 | 1800 | वि.व्य.स.कोखातामा जम्मा रकम पठाइ खाता रोक्का गरेको |
| 2 | पाँचकाटिया देखी धर्मखर्क हुँदै मछाइना सम्म सडक निर्माण | सविन कन्ट्रक्सन भे.न.पा.2 | 2077.12.12 | 2078.03.20 | 0 | |
| 3 | नमुना विद्यालय पुर्वाधार निर्माण योजना | वि.व्य.स | 2078.1.18 | 2078.3.20 | 8737.823 | वि.व्य.स.कोखातामा जम्मा रकम पठाइ खाता रोक्का गरेको |
| 4 | वडाकार्यालयभवन | साईवावा एण्ड तारा कन्ट्रक्सन वडा नं 3 | 2076.11.16 | 2077.09.20 | 42.363 | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 5 | त्रिभुवन मा.वि. विद्यालय निर्माण योजना | वि.व्य.स | 2078.1.25 | 2078.3.20 | 1800 | वि.व्य.स.कोखातामा जम्मा रकम पठाइ खाता रोक्का गरेको | | |
| | | | | 6 | स्वास्थ्य चौकी भवन निर्माण वडा नं ४ | श्री सन्तोष निर्माण सेवा वाड नं २ | 2076.11.05 | 2078.3.20 | 2596.107 | | | |
| | | | | 7 | विजय मा.वि. काफलचौर भवन निर्माण योजना | वि.व्य.स | 2077.12.3 | 2078.3.20 | 3492 | | | |
| | | | | 8 | चन्द्रज्योति आ.वि. वास सौचालय निर्माण | वि.व्य.स | 2077.12.3 | 2078.3.20 | 700 | वि.व्य.स.कोखातामा जम्मा रकम पठाइ खाता रोक्का गरेको | | |
| | | | | 9 | वहुउदेश्यि कर्भडहल निर्माण | वाई.के कन्ट्रक्सन ११ | 2077.12.12 | 2078.03.20 | 3222.932 | | | |
| | | | | 10 | सरस्वती मा.वि.विद्यालय निर्माण योजना | वि.व्य.स | 2078.1.25 | 2078.3.20 | 1800 | वि.व्य.स.कोखातामा जम्मा रकम पठाइ खाता रोक्का गरेको | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 11 | स्वास्थ्य चौकी भवन निर्माण वडा नं. १० | न्यु मिलन निर्माण सेवा भुर | 2076.11.01 | 2078.3.20 | 3065.00 | | | |
| | | | | 12 | स्वास्थ्य चौकी भवन निर्माण वडा नं.११ | स्वास्थ्य व्यवस्थापन समिति | 2078.1.25 | 2078.6.30 | 3800 | स्वास्थ्य चौकिको खातामा जम्मा रकम पठाई खाता रोक्का गरेको | | |
| | | | | 13 | स्वास्थ्य चौकी भवन निर्माण वडा नं. १२ | सविन कन्ट्रक्सन भे.न.पा.२ | 2076.11.16 | 2078.3.20 | 2000.599 | | | |
| | | | | 14 | भगवती माध्यामिक विद्यालयको भवन निर्माण | वि.व्य.स | 2078.1.25 | 2078.3.20 | 2000 | वि.व्य.स.कोखातामा जम्मा रकम पठाइ खाता रोक्का गरेको | | |
| | | | | 15 | कुदु रँगशाला निर्माण | श्री सन्तोष निर्माण सेवा वडा नं २ | 2076.11.05 | 2078.3.20 | 842.119 | | | |
| | | | | **जम्मा** | | | **0** | | **35898.943** | | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६५ | | | **कार्य सम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । | |
| ६६ | | | **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारदर्शिताको प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ६७ | | | **गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने कुनै पनि सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६८ | | | **भ्रमण खर्च :**<br>कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७7 तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको,<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको,<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको,<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको,<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य सहित भ्रमणमा खटाएको व्यहोरा आश्वस्त गर्नुपर्दछ । | |
| ६९ | | | **सामाजिक सुरक्षातर्फः**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि¸ २०७7 को दफा २1 मा भत्ता विवरण गर्दा बैँक मार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यालयले १३ वडामा रु.8,06,35,664।- वितरण गरेको विवरण पेश गरेको छ । कार्यालयले कार्यक्रम सञ्चालन कार्यविधि¸ २०७७ ले तोके अनुसार बैंक मार्फत भूक्तानी नगरी पहिलो त्रैमासिकमा रु.2,54,96,077।- वितरण गरेको छ । कार्यविधिमा तोके अनुसार रकम भूक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्छ । साथै दोस्रो र तेस्रो चौमासिकको लागि रु.3,51,39,587।- तेस्रो चौमासिकमा बैँकमार्फत भुक्तानी गरेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७० | | | **प्रतिवेदन पेश गर्नुपर्ने :** सामाजिक सुरक्षा नियमावली २०७६ को नियम २३(१) मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची -६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्नेछ ।उपनियम १ बमोजिम चौमासिक प्रतिवेदन पठाउंदा पहिलो चौमासिक प्रतिवेदन मंसिर ७ गते भित्र दोस्रो चौमासिक प्रतिवेदन चैत ७ गतेभित्र र तेस्रो चौमासिक प्रतिवेदन तथा वार्षिक प्रतिवेदन अर्को आर्थिक बर्षको साउन १५ गतेभित्र विभागले तोकेबमोजिम पठाउनु पर्नेछ भन्ने व्यवस्था भएकोमा नगरपालिकामा सो नियमको पालना भएको पाइएन ।नगरपालिकाले नियमको पालना गर्ने विषयमा ध्यान दिनुपर्ने देखिन्छ । | |
| ७१ | | | **भत्ता रकम वितरण व्यवस्थाः** सामाजिक सुरक्षा कार्यक्रम संञ्चालन कार्यविधि २०७७ को नियम 15 बमोजिम स्थानिय तहले लाभग्राहीको भत्ता आर्थिक वर्षको प्रत्येक चौमासिकको अन्त्य सम्ममा भुक्तानी गरिसक्नु पर्ने व्यवस्था पालना गर्न सकेको छैन । पालिकाले कार्यविधिको पालनमा ध्यान दिनुपर्दछ। | |
| ७२ | | | **पारदर्शिता कायम गर्नुपर्ने :** सामाजिक सुरक्षा कार्यक्रम संञ्चालन कार्यविधि २०77 को नियम ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नामदर्ता तथा नविकरण, प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, पुरा गर्नुपर्ने प्रक्रिया जस्ता व्यहोरा प्रचार तथा वडा कार्यालयमा सार्वजनिक गर्नु पर्नेमा सो बमोजिम गरेको छैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७३ | | | **विपद् व्यवस्थापन कार्य योजना :**<br>नगद विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७5 को दफा 5 मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा प्रदेश विपद् व्यवस्थापन समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, संस्थागत क्षमता विकास गर्ने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने गराउने सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नुदपर्दछ । | |
| ७४ | | | **वार्षिक प्रतिवेदन :**<br>नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७5 को दफा 24 मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत नगरसभा गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ७५ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण :**<br>स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका उक्त सम्पत्तिहरुको अभिलेख तयार पारेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७६ | | | **आन्तरिक लेखापरीक्षण :**<br>चौमासिक रुपमा आन्तरीक लेखापरीक्षण गरी हिसाव अद्यावधिक गर्नु पर्नेमा वर्षको अन्तमा एकैपटक आन्तरिक लेखापरीक्षण गरेको पाइयो । आर्थिक वर्ष २०७7।७8 को आन्तरिक लेखापरीक्षण गरी आर्थिक वर्ष समाप्त भए पश्चात २०७8।5।28 मा मात्र प्रतिवेदन बुझाएको छ । तसर्थ आन्तरिक लेखापरीक्षकले समयमै आन्तरिक लेखापरीक्षण गरी चुस्त दुरुस्त हिसाब राख्न सहयोग पुर्याउनु पर्ने तथा कार्यालयले आन्तरिक लेखापरीक्षण व्यवस्थालाई प्रभावकारी बनाउनेतर्फ समयमै ध्यान दिनु पर्दछ ।आन्तरिक लेखापरीक्षणमा देखिएका व्यहोराहरु निम्नानुसार छन् । उक्त व्यहोराहरु समेत समयमै असुल फछ्यौंट गर्नुपर्दछ । | |
| ७६.१ | | | संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम पूजिगततर्फः<br>कार्यालयबाट सार्वजानिक खरिद ऐन तथा नियमावली अनुसार संचालन गरिने विभिन्न क्रियाकलापहरु विशेष गरी निर्माण व्यवसायी मार्फत गरिने कार्यहरुको अभिलेख व्यवस्थित गरी राखेको नदेखिएको र सो को जानकारी आन्तरिक राजश्व कार्यालयमा नपठाउँदा भ्याट (मुल्य अभिवृद्धि कर) दाखिला गर्नुपर्ने फर्म तथा करदाताहरुले दाखिला नगरी दुरुपयोग हुने सम्भावना देखिएकाले त्यस्ता फर्म तथा करदाताहरुको नाम-नामेसी र कर रकम समेत खुलाई अनिवार्य रुपमा आन्तरिक राजश्व कार्यालयलाई जानकारी पठाउनु पर्ने देखिन्छ। | |
| ७६.२ | | | **भेरी नगरपालिका चालुतर्फ**<br>मु.अ. कर ऐन २०५२ को दफा १४ मा रितपुर्वक कर विजक जारी गर्नुपर्ने व्यवस्था छ। पालिकाले गो.भौ र मिति ११४-०७७।७।२७ मा भोलानाथ ईन्जिनिरिङ्ग डिजाईनर्स कन्सल्टेन्सी प्रा.लि. विर्तामोड न.पा. ४ को विल नं.००१ मिति २०७७।७।१५ पान नं.६०२३९७८२१ बाट विल रकम रु४,३८,०००।- मा मु.अ. कर रु.५६,९४०।- थप गरी रु.४,९४,९४०।- जाजरकोट दरबार क्षेत्रको मास्टर प्लान निर्माण गरे वापत भुक्तानी दिएको देखिन्छ। सो सन्दर्भमा रितपुर्वकको कर विजक जारी नगरी कलर पेपरमा कम्प्युटर प्रिन्ट गरेको विल पेश गरेको हुँदा भुक्तानी भएको मु.अ. कर सम्वन्धित राजश्व कार्यालयमा दाखिला भएको प्रमाण पेश गरी नियमित गर्ने अन्यथा असुल उपर गर्ने रु............. | २८,४७० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७६.३ | | | गो.भौ. र मिति १२५-०७७।८।१२ मा राजश्व सम्वन्धी सफ्टवेरको क्षमता विकास तालिम संचालन वापत भनी सहायक चौथो भरत कुमार शर्मालाई पारिश्रमिक, बहाल र अग्रिम आयकर कट्टी गरी रु२,८८,५७०।- भुक्तानी दिएकोमा सम्वन्धित गाडी धनी, प्रशिक्षक, प्रतिवेदनकर्ता, तालिमका सहभागीहरुलाई रु.१,८४,२७५।- वितरण गरेको भरपाई पेश भएकोमा सम्वन्धितले रकम बुझेको हस्ताक्षर नभएकाले रकम बुझाई हस्ताक्षर गराई नियमित गर्ने अन्यथा असुल उपर गर्ने रु...................... | १८४,२७५ |
| ७६.४ | | | कार्यालयको मिति २०७८।७।२५ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु १०८०० मिति २०७९।१।२५ मा फछ्यौंट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।<br><br>गो.भौ र मिति १४७-०७७।८।१७ मा पालिकामा कार्यरत कर्मचारीहरुको का.स.मु. फाराम मुल्याङ्कन गराउन सुर्खेत जाँदाको बैठक खर्च वापत भनी सहायक पाँचौ सनत दवाडीलाई दिएको पेश्की रु.९०,०००।- फछ्यौंट गरेकोमा विल भरपाई जाँच गर्दा विभिन्न मितिमा मुल्याङ्कन समितिको बैठक बसे वापत रु.५२,०००।- बैठक भत्ता वितरण गर्दा कट्टी गरिएको १५ प्रतिशत पारिश्रमिक कर रु.७,८००।- र विभिन्न मितिमा सुर्खेत जाँदा र आउँदा गाडी रिजर्भ गरे वापत रु.३०,०००।- भुक्तानी दिंदा कट्टी गरेको १० प्रतिशत बहाल कर रु.३,०००।- समेत जम्मा रु.१०,८००।- राजश्व खातामा दाखिला गरेको नदेखिएकाले असुल उपर गरी राजश्व खातामा दाखिला गर्नेपर्ने रु............................................. | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७६.५ | | | कार्यालयको मिति २०७८।७।२५ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु ५०२०० मिति २०७९।१।२५ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।<br><br>गो.भौ र मिति ४९५-०७८।३।१८ मा मुलपानी अर्गानिक कृषि पशुपंक्षी तथा एग्रो फरेष्ट्री खेती कृषक समूहलाई रु.२,४४,३९९।- भुक्तानी दिएकोमा विल भरपाई जाँच गर्दा प्लाष्टिक टनेलहरु सुर्खेतबाट जाजरकोटसम्म ढुवानी गरे वापत ट्रक ड्राईभर रामविलख चौधरीलाई रु.५०,२००।- भुक्तानी दिएकोमा सम्वन्धित ट्रक ड्राईभरले रकम बुझेको हस्ताक्षर नभएको साथै १० प्रतिशत बहाल कर कट्टी गर्नुपर्नेमा सो नगरी पुरै रकम भुक्तानी दिएकाले नियमिततर्फ रु.४५१८०।- र असुल उपर गरी राजश्व खातामा दाखिला गर्नुपर्ने तर्फ रु.५,०२०।- समेत जम्मा रु................................. | |
| ७६.६ | | | कार्यालयको मिति २०७८।७।२५ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु ३८२५ मिति २०७९।१।२५ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।<br><br>गो.भौ र मिति ५१४-०७८।३।३१ मा अलैंचीको बिरुवा खरिद तथा वितरण कार्यक्रम संचालन गर्न भनी प्रा.स. गोमा थापा मगरलाई रु.२,५०,०००।- भुक्तानी दिएकोमा विल भरपाई जाँच गर्दा ढुवानी भाडा वापत सवारी चालक सन्देश घर्तीलाई रु.३८,२५०।- भुक्तानी दिंदा कट्टी गरेको बहाल कर रु.३,८२५।- राजश्व खातामा दाखिला गरेको भौचर संलग्न हुनुपर्नेमा नभएकाले सम्वन्धितबाट असुल उपर गरी राजश्व खातामा दाखिला गर्ने रु............................. | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७६.७</td><td></td><td></td><td>कार्यालयको मिति २०७८।७।२५ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु ७८१२५ मिति २०७९।१।२५ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।<br><br>गो.भौ र मिति ५५८-०७८।३।२४ मा न्यायिक समितिको बैठक र मेलमिलाप कर्ताहरुलाई प्रोत्साहन वापतको खर्च भनी सहायक पाँचौ सनत दवाडीलाई रु.१,११,४००।- भुक्तानी दिएकोमा विल भरपाइ जाँच गर्दा न्यायिक समितिको बैठक भत्ता वापत रु.२९,३२५।- र मेलमिलाप कर्ताहरुको खाजा खर्च वापत रु.४८,८००।- को भरपाई पेश भएकोमा सम्वन्धितहरुले रकम बुझेको हस्ताक्षर नभएकाले रकम बुझाई, हस्ताक्षर गराई नियमित गर्ने अन्यथा असुल उपर गर्ने रु....................</td><td></td></tr>
<tr><td>७६.८</td><td></td><td></td><td>गो.भौ र मिति ५७५-०७८।३।२७ मा रिसर्च इम्पावरमेन्ट एण्ड सपोर्ट प्रा.लि. चन्द्रागिरी ३ थानकोट काठ्माण्डौका अध्यक्ष ईमानबहादुर सुनारलाई गत आ.व. ०७६।०७७ मा जातीय छुवाछुत तथा भेदभाव मुक्त नगर घोषणा कार्यक्रम संचालन गर्न दिएको पेश्की रु.३,००,०००।- फछ्यौट गरेकोमा विल भरपाई जाँच गर्दा ढुवानी भाडा वापत विभिन्न गाडी चालकहरुलाई ढुवानी भाडा रु.८४,०००।- भुक्तानी गर्दा कट्टी गरिएको १० प्रतिशत बहाल कर रु.८,४००।- विभिन्न फिल्ड सहजकर्ताहरुलाई पारिश्रमिक रु.२,००,०००।- भुक्तानी गर्दा कट्टी गरिएको १५ प्रतिशत पारिश्रमिक कर रु.३०,०००।- समेत जम्मा रु.३८,४००।- राजश्व खातामा दाखिला गरेको हुनुपर्नेमा नगरेकाले असुल उपर गरी राजश्व खातामा दाखिला गर्ने रु................<br><br><table><tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr><tr><td>७६.८.१</td><td>रिसर्च इम्पावरमेन्ट एण्ड सपोर्ट प्रा.लि. चन्द्रागिरी ३ थानकोट काठ्माण्डौका अध्यक्ष ईमानबहादुर सुनार</td><td>३८,४००</td></tr></table></td><td>३८,४००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७६.९ | | | भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धित कार्यालयले अनुसूची ६ वमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्नेछ र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्नेछ भनी उल्लेख भएकोमा यस कार्यालयले भ्रमण अभिलेख खाता अद्यावधिक गरी राखेको नदेखिएकोमा भ्रमण अभिलेख खाता अद्यावधिक गर्नुपर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ । | |
| ७६.१० | | | स्थानीय तह संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ७० मा नेपाल सरकारबाट स्थानीय तहलाई उपलव्ध गराइएको बजेट तथा श्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनकालागि सवारी साधन खरिद गर्न सकिने छैन भन्ने उल्लेख भएकोमा यस कार्यालयले नियम परिपालन गरेको देखिएन । | |
| ७६.११ | | | **संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम चालुतर्फ**<br><br>कार्यालयको मिति २०७८।७।२५ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु ८०० मिति २०७९।१।२५ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।<br>गो.भौ र मिति १२-०७८।१।९ मा उद्यमशिल विकास तालिम संचालन गर्न भनी उद्यम विकास सहजकर्तालाई दिएको पेश्की रु.१,२६,५६०।- फछ्र्यौट गरी रु.५४,२४०।- समेत जम्मा रु.१,८०,८०,०००।- भुक्तानी दिएकोमा विल भरपाई जाँच गर्दा हल भाडा वापत कट्टी गरेको बहाल कर रु.३,२०,०००।- कट्टी गर्नुपर्नेमा रु.२,४००।- मात्र कट्टी गरेकाले वाँकी रु.८००।- सम्वन्धित उद्यम विकास सहजकर्ताबाट असुल उपर गरी राजश्व खातामा दाखिला गर्ने रु...................................... | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७६.१२</td><td></td><td></td><td>कार्यालयको मिति २०७८।७।२५ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु १४०० मिति २०७९।१।२५ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।<br><br>गो.भौ र मिति १४२-०७८।२।१० मा नर्सरी स्थापना वापत भनी गुन्जन नर्सरी फर्म भे.न.पा. १० का संचालक प्रेमबहादुर रानालाई रु.१,९१,०९०।- भुक्तानी दिएकोमा विल भरपाई जाँच गर्दा तारजालीहरु खलंगाबाट निर्माण स्थलसम्म ढुवानी गरे वापत ट्याक्टर धनी युवराज वलीलाई रु.१४,०००।- भुक्तानी दिएकोमा १० प्रतिशत बहाल कर कट्टी गरी वाँकी रकम भुक्तानी दिनुपर्नेमा पुरै रकम भुक्तानी दिएकाले असुल उपर गरी राजश्व खातामा दाखिला गर्ने रु<br><br>
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr>
<tr><td>७६.१२.१</td><td>गुन्जन नर्सरी फर्म भे.न.पा. १० का संचालक प्रेमबहादुर राना</td><td>१,४००</td></tr>
</table></td><td>१,४००</td></tr>
<tr><td>७६.१३</td><td></td><td></td><td>गो.भौ र मिति १९१-०७८।३।१४ मा मकै विकास कार्यक्रम संचालन वापत महिला साना कृषक समूह भे.न.पा. ८ जाजरकोटलाई रु.२,९३,५८०।- भुक्तानी दिएकोमा विल भरपाई जाँच गर्दा उक्त योजनाका सामाग्रीहरु खलंगाबाट कार्यक्रम संचालन स्थलसम्म ढुवानी गरे वापत ट्याक्टर धनी गणेश घर्तीलाई रु.१५,०००।- भुक्तानी दिएकोमा १० प्रतिशत बहाल कर कट्टी गर्नुपर्नेमा सो नगरी पुरै रकम भुक्तानी दिएकोले असुल उपर गरी राजश्व खातामा दाखिला गर्ने रु............<br><br>
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr>
<tr><td>७६.१३.१</td><td>महिला साना कृषक समूह भे.न.पा. ८ जाजरकोट</td><td>१,५००</td></tr>
</table></td><td>१,५००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७६.१४ | | | कार्यालयको मिति २०७८।७।२५ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु १२०० मिति २०७९।१।२५ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।<br><br>गो.भौ र मिति २०१-०७८।३।१४ मा मा विद्यालय पोषण लेखाजोखा कार्यक्रम संचालन गर्न भनी भुर स्वास्थ्य चौकीका प्रमूख लालबहादुर खड्कालाई रु.१८,६७५।- भुक्तानी दिएकोमा विल भरपाई जाँच गर्दा प्रशिक्षक भत्ता वापत कट्टी गरिएको पारिश्रमिक कर रु.१,२००।- राजश्व खातामा दाखिला गरेको भौचर संलन हुनुपर्नेमा नभएकाले असुल उपर गरी राजश्व खातामा दाखिला गर्ने रु...................... | |
| ७६.१५ | | | कार्यालयको मिति २०७८।७।२५ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु ९३०० मिति २०७९।१।२५ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।<br><br>गो.भौ र मिति ३१८-०७८।३।१४ मा विभिन्न कृषक समूहलाई धानवाली पकेट स्थापनाकालागि रु.१०,२७,१०७। भुक्तानी दिएकोमा विल भरपाई जाँच गर्दा ढुवानी वापत रु.६८,०००।- को भरपाई पेश भएकोमा १० प्रतिशत बहाल कर कट्टी गर्नुपर्नेमा नगरेकाले सम्वन्धित कृषक समूहबाट असुल उपर गरी राजश्व खातामा दाखिला गर्ने रु.................................................................<br>१. उद्यमशिल महिला कृषक समूह भे.न.पा. १ रु.३,०००।-<br>२. पिपलचौतारी महिला कृषक समूह भे.न.पा. ३ रु.३,८००।-<br>३. दिदिबहिनी खाद्य सुरक्षा कृषक पाठशाला भे.न.पा. ३ रु.२,५००।- | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ७६.१६ | | | कार्यालयको मिति २०७८।७।२५ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु ४०५० मिति २०७९।१।२५ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।<br><br>गो.भौ र मिति २४३-०७८।३।२२ मा सिस्नो पाउडर उत्पादन प्रविधि हस्तान्तरण कार्यक्रम संचालन वापत महिला आत्मनिर्भर तरकारी कृषक समूह भे.न.पा. ६ जाजरकोटलाई रु.३,००,०००।- भुक्तानी दिएकोमा विल भरपाई जाँच गर्दा सिस्नो पाउडर उत्पादन तालिममा प्रशिक्षण गरे वापत प्रशिक्षक कृष्णबहादुर बुढालाई रु.२७,०००।- भुक्तानी गर्दा कट्टी गरिएको पारिश्रमकि कर रु.४,०५०।- राजश्व खातामा दाखिला गरेको नदेखिएकाले असुल उपर गरी राजश्व खातामा दाखिला गर्ने रु..................... | |
| ७६.१७ | | | गो.भौ र मिति ३१९-०७८।३।२९ मा भे.न.पा. ११ कटिगाउँमा रहेका विपन्न दलित घरधुरीलाई सुधारिएको फलामे चुलो खरिद वितरण गर्न भनी कटिगाउँ कृषक समूहका अध्यक्ष नरबहादुर वर कामीलाई रु.१४,६२,०००।- भुक्तानी दिएकोमा विल भरपाई जाँच गर्दा अनुगमन खर्च वापत भनी रु.३०,०००।- को भरपाई पेश भएकोमा तपसिलमा उल्लेखित पदाधिकारी, कर्मचारीहरुले अनुममन खर्च बुझेको हस्ताक्षर नभएकाले असुल उपर गरी बेरुजु खातामा दाखिला गर्ने रु........................<br><br>**क्रम** \| **कर्मचारीको/फर्म/संगठन नाम** \| **असुली रकम**<br>७६.१७.१ \| कटिगाउँ कृषक समूहका अध्यक्ष नरबहादुर वर कामी \| ३०,००० | ३०,००० |
| ७७ | | | **खाता रोक्काः**<br>संघिय सरकारबाट हस्तान्तरित सर्शत कार्यक्रम अन्तर्गत राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदानको खर्च सम्बन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं.१३३ र मिति २०७८।३।१५ को पत्रानुसार नमुना विद्यालयको लागि विनियोजित रकमबाट यस आ व मा कोभिड महामारीको कारणले अपेक्षित मात्रामा निर्माण कार्य सम्पन्न हुन ढिला | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | हुनसक्ने संभावना रहेको साथै यस वर्ष खर्च हुन नसकेको रकम अर्को वर्ष उपलब्ध हुने व्यवस्था समेत नभएकोले कार्यान्वयनको भरपर्दो सुनिश्चितता गरी स्वीकृत गुरुयोजना अनुरुपका कार्यक्रम अगाडि बढाउन नमुना विद्यालय विकासको लागि प्राप्त रकम सम्बन्धित विद्यालयको खातामा निकास गरी कार्य सम्पादनको अनुगमन नियमन एंव प्राविधिक सहयोग गर्न गराउन निर्णयानुसार अनुरोध भई आएकोमा नमुना विद्यालयमा छनौट भएका निम्न विद्यालय भवनको निर्माण कार्य सम्पन्न नभई सम्पुर्ण रकम विद्यालयको खातामा निकासा पठाई पेश्की कायम गरी विद्यालयको बैँक खाता रोक्का गरेकोमा निर्माण कार्यको अनुगमन तथा मूल्याङ्कनको पाटो पालिकाको रहेकोमा सम्बन्धित विद्यालयको भवन निर्माण भएको कार्यसम्पन्न प्रतिवेदन प्रमाण पेश (माग र कार्य प्रगतिका आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माणको समेत) गर्नुपर्ने कार्य सम्पन्न नगरी पेश्की कायम नै रहेको छ । | |

| **विद्यालयको नाम** | **कार्यक्रम** | **रकम** |
|---|---|---|
| चन्द्रज्योति नि.मा.वि. | भौतिक पूर्वाधार | 281300.00 |
| त्रिभुवन आधारभूत विद्यालय | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | 162960.00 |
| त्रिभुवन माध्यमिक विद्यालय | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | 846000.00 |
| त्रिभुवन माध्यमिक विद्यालय | नमुना विद्यालय पूर्वाधार निर्माण | 4229501.00 |
| त्रिभुवन माध्यमिक विद्यालय | न.वि.पू.नि.(सभाहल निर्माण) | 5723000.00 |
| सरस्वती मा.वि. | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | 1746000.00 |
| स्वास्थ्य चौकी जगतिपूर | माग र कार्य प्रगतिका आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण | 3686000.00 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७८ | | | **स्थानिय तह प्रकोप व्यवस्थापन कोष :** गत वर्षको मौज्दात रु.१८,१५,४१२।-, भेरी नगरपालिका वित्तिय समानीकरणबाट प्राप्त रु.१२,००,०००।-, सभाको निर्णयद्धारा भेरी नगरपालिकाको निर्सत अनुदान तर्फको विभिन्न शिर्षकबाट रकमान्तर गरी कोषमा जम्मा गरिएको रु.१,०८,७०,९१२।-, शिक्षक कर्मचारी तथा जनप्रतिनिधिको तलबबाट २ दिन बराबरको रकम कट्टा गरी कोषमा दाखिला गरिएको रकम रु.८,२०,९३६।-, च्यारिटी समूहबाट प्राप्त सहयोग रु.४,७५,०००।- र व्यक्तिगत सहयोगको रुपमा प्राप्त रकम रु.३९,९४०।- गरी जम्मा रु.१,५२,२२,२००।- कोषमा आम्दानी भएकोमा कोभिड १९ नियन्त्रण कार्यक्रमको लागि रु.९८,७४,६२१।-, आधारभूत स्वास्थ्य सेवा केन्द्रको लागि औषधी खरिद वापत रु१९८९३०५।- र राहत तथा आर्थिक सहयोग तर्फ रु.५,०३,०००।- गरी जम्मा रु.१,२३,६६,९२६।- खर्च भई बाँकि रकम रु.२,८५,५२७४।- मौज्दात रहेको छ । | |
| ७९ | | | **कोभिड १९ :** कार्यालयले कोभिड १९ को संक्रमणलाई न्यूनिकरण गर्न माक्स, औषधी, पि.पि.ई., भि.टि.एम. एन्टजेन, अक्सिजन सिलिण्डर ढुवानी, एम्बुलेन्स खर्च, आईशोलेशन व्यवस्थापन, सरसफाई लगायतका विभिन्न सामाग्रीहरु पटक पटक गरी सोझै रु.१,३२,०३,३५६।- को खरिद गरी खर्च लेखेकोमा भवानी प्याथोक्याम एण्ड सर्जिकल हाउस मार्फत मात्र रु.७०,२०,००४।- खर्च लेखेको छ । | |

| **पूर्व तयारी सम्बन्धि गर्नु पर्ने कार्य** | **सम्पादन भएका प्रमुख क्रियाकलाप** | **खर्च रकम** |
|---|---|---|
| प्रचार प्रसार | पोष्टर पम्पलेट | ६२७००।०० |
| आईशोलेशन व्यवस्थापन | सञ्चालन | १५२९३९६।०० |
| औषधी | खरिद | १९७६०३१।०० |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | |
|---|---|---|
| पि.पि.ई | खरिद | ४९९३००।०० |
| माक्स | खरिद | ११४९८६०।०० |
| भि.टि.एम. | खरिद | १५०००१।०० |
| एन्टिजेन | खरिद | २६९५०५।०० |
| क्वारेन्टाईन | व्यवस्थापन | ५५११६६३।०० |
| कोभिड ओरिन्टशन | सञ्चालन | ४८९००।०० |
| अक्सिजन सिलिण्डर | खरिद | १०७००००।०० |
| द्धवानी एम्बुलेन्स खर्च | सञ्चालन | ३३६०००।०० |
| सरसफाई कार्यक्रम महिला स्वास्थ्य स्वयं सेविका कोराना भाईरस जनचेतना कार्यक्रम तथा सामाग्री खरिद | सञ्चालन | ६०००००।०० |
| **जम्मा** | | **१३२०३३५६।००** |

माथि उल्खित भएबमोजिम आईसोलेसन व्यवस्थापनमा रु.15,29,396।- औषधी खरिदमा रु.19,76,031।, पि.पि.ई. खरिदमा रु.4,99,300।- मास्क खरिदमा रु.11,49,860।-, क्वारेन्टाईन व्यवस्थापनमा रु.55,11,663।- र अक्सिजन सिलिण्डर वापत रु.17,70,000।- खरिद गरेकोमा खरिद व्यवस्थापन सिधै गरी भुक्तानी गरेको छ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८० | | | **पेश्की बाँकी :** | १९,८४९,४०३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ बमोजिम समयमै पेश्की फछ्यौट गर्नुपर्दछ । पालिकाले आर्थिक वर्षको अन्त्य सम्ममा म्याद नाघेको रु.१,९८,४९,४०३।- पेश्की फर्छ्यौट गर्न बाँकि देखिन्छ । नियमावली अनुसार समयमै पेश्की फछ्र्यौट गर्नुपर्ने रु ...........

| **ब.उ.शि.नं.** | **पेश्की लिएको मिति** | **पेश्कीको विवरण** | **पेश्की लिने व्यक्ती फर्म वा कम्पनीको नाम** | **म्याद ननाघेको पेश्की** | **म्याद नाघेको पेश्की** |
|---|---|---|---|---|---|
| भेरी नगरपालिका चालु | २०७८।३। १८ | विपत्त तथा महामारी व्यवस्थापन (औषधी तथा महामारीसँग सम्बन्धित व्ययवस्थापन) | चन्दानथान गण | - | ४५०००० |
| | २०७७। १०।५ | इन्धन(कार्यालय प्रयोजन) | अर्जुन बि क | | १२००० |
| | २०७७। १०।५ | मेशनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | अर्जुन बि क | - | १०८००० |
| भेरी नगरपालिका | २०७८।१। २७ | सव बाहन खरिद | अग्नि इन्कर्पोरेटेड प्रा लि | - | १८००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | चालु | | | | | | | |
| | | | | | २०७८।२।६ | सव बाहन खरिद | अग्नि इन्कर्पोरेटेड प्रा लि | - | ३५९५१० | | |
| | | | | संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम पुजिगत | २०७८।२।१० | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | त्रिभुवन मा वि | - | १४७१३२ | | |
| | | | | | २०७८।२।१४ | राष्टपती शैक्षिक सुधार कार्यक्रम | त्रिभुवन मा वि | - | २९८००० | | |
| | | | | | २०७८।२।२९ | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | त्रिभुवन मा वि | - | ४२२९५०१ | | |
| | | | | | १०७८।३।३० | माग र कार्य प्रगतिका आधारमा आधारभूत स्वास्थ्य केन्द्र भुक्तानी | स्वास्थ्य चौकी जगतीपुर | - | ३६८६००० | | |
| | | | | | २०७८।३।३० | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | त्रिभुवन मा वि | - | २६८२००० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | २०७८।३।३० | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | त्रिभुवन मा वि | - | ३०४१००० | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८।३।३० | राष्टपती शैक्षिक सुधार कार्यक्रम | त्रिभुवन आधारभुत विद्यालय | - | १६२९६० | |
| | | | | २०७८।३।३० | राष्टपती शैक्षिक सुधार कार्यक्रम | सरस्वति मा.वि. | - | ३८३००० | |
| | | | | २०७८।३।३० | राष्टपती शैक्षिक सुधार कार्यक्रम | सरस्वति मा.वि. | - | ५३४०४० | |
| | | | | २०७८।३।३० | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | सरस्वति मा.वि. | - | ८२८९६० | |
| | | | | २०७८।३।३० | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | चन्द्र ज्योति नि.मा.वि. | - | २८१३०० | |
| | | | | २०७८।३।३१ | राष्टपती शैक्षिक सुधार कार्यक्रम | त्रिभुवन मा वि | - | ८४६००० | |
| | | | **जम्मा** | | | | | **19849403** | |
| ८१ | | | **अनुगमन तथा सम्परीक्षण –** | | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)-----------------------------</th><th>यो वर्ष कायम बेरुजू(C)</th><th>संपरीक्षणबाट कायम बेरुजू(D)</th><th>अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr>
<tr><td>45961000</td><td>0</td><td>23891222</td><td>0</td><td>69852222</td></tr>
</table>
यस वर्ष फछ्यौट भएको बेरुजुको स्थिति निम्नानुसार रहेको छ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">आ.व</th><th rowspan="2">वेरुजु दफा नं</th><th rowspan="2">बेरुजुको संक्षिप्त व्यहोरा</th><th colspan="4">फछ्यौटको आधार</th><th>सम्परीक्षण</th></tr>
<tr><th>असुलि</th><th>प्रमाण</th><th>नियमित</th><th>पेश्की</th><th></th></tr>
<tr><td>1.</td><td>-</td><td>-</td><td>-</td><td>-</td><td>-</td><td>-</td><td>-</td><td>-</td></tr>
</table>
उल्लेखित सम्परीक्षणबाट निम्नानुसार थप वेरुजु कायम भएको छ ।
<table>
<tr><th>सि.नं.</th><th>आ.व.</th><th>वेरुजु दफानं.</th><th>वेरुजुको संक्षिप्त व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>1.</td><td>-</td><td>-</td><td>-</td><td>-</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अद्यावधिक वेरुजु यस पालिकाको 077।078 सम्मको फछ्यौट गर्न वाँकी बेरुजुको स्थिति देहायअनुसार छ ।
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजु (A)</th><th>यो वर्ष सम्परीक्षण बेरुजु (B)</th><th>यो वर्ष कायम बेरुजु (C)</th><th>सम्परीक्षणबाट कायम बेरुजु (D)</th><th>अध्यावधिक बाँकी बेरुजु (E=A-B+C+D)</th></tr>
<tr><td>45961000</td><td>0</td><td>23891222</td><td>0</td><td>69852222</td></tr>
</table>
</td><td></td></tr>
</table>